


PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com

उद्योग, व्यवसाय गरौं र आत्मनिर्भर बनौं ।

- स्थानीय स्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौं र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मनिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

❖ वर्ष ३५ ❖ २०७९ वैशाख ०३ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 April 16 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २२७

## गठबन्धनले चुनावी प्रचारमा शिथिलता, बहुदरमाईमा यिनीहरूको चर्चा छ

नरेश यादव, पर्सागढी, २ वैशाख/

पर्सा जिल्लाको बहुदरमाई नगरपालिकामा चुनावी सरगर्मी बढेको छ।



नितेन्द्र साह



सिंहासन साह



शिव पटेल



राकेश यादव



राजदेवप्रसाद यादव



रामबाबूप्रसाद यादव



सोनामति देवी



सुषमा कुशवाहा

गत स्थानीय चुनावमा नगरप्रमुखमा निर्वाचित नितेन्द्र साहका साथै राकेशकुमार यादवको पनि यसपटक नगरप्रमुखमा दाबेदारी रहेको छ। गत चुनावमा स्वतन्त्र उम्मेदवारी दिएर दोस्रो भएका सिंहासनसाह तेली यसपटकको चुनावमा जनता समाजवादी पार्टीबाट नगरप्रमुखको दाबेदार भएका छन्।

गत चुनावमा मधेसी जन अधिकार फोरमबाट उम्मेदवारी दिएका रामबाबू साह तेलीको दाबेदारी यसपटक शिथिल भएको छ। माओवादी केन्द्रबाट शिवशङ्कर यादवको नाम चर्चामा छ। उनी गत स्थानीय चुनावमा नेकपाबाट उम्मेदवार भएका थिए। गत स्थानीय चुनावमा राजपाबाट उम्मेदवार भएर तेस्रो भएका शिव पटेल यसपटक नेकपा एमालेबाट दाबेदार छन्। उनीसँगै यो पदमा वर्तमान उपप्रमुख गायत्रीदेवी यादवका पति राजदेवप्रसाद यादवको पनि दाबेदारी देखिएको छ।

गायत्री देवी पतिसँगै नेका परित्याग गरी हालै एमालेमा प्रवेश गरेकी छन्। एमालेबाट यहाँका दुवै दाबेदार नवप्रवेशी हुन्।

अहिले सत्ता साझेदार दलहरूबीच गठबन्धन बनेपछि नेका, जसपा, माओवादी पार्टीका आकाङ्क्षीहरूको मनोबल घटेको छ।

गठबन्धनबाट कसले टिकट पाउने भनेर उनीहरूमा निराशा छाएको हो। यी दलका नेताहरूले यस अघि गरेको चुनावी प्रचार शैलीमा अहिले शिथिलता आएको छ।

उपप्रमुखमा गत स्थानीय निर्वाचनमा विजयी गायत्रीदेवी यसपटक नलड्ने भएकी छन्। उनको स्थानमा नेकाबाट सोनमतीदेवीको नाम चर्चामा छ। उपप्रमुख पदमा जसपाबाट हीरादेवी यादव, एमालेबाट सुषमा कुशवाहा र माओवादीबाट गेवान्ती सहनीको नाम चर्चामा छ।

## नेपालको पुनर्संरचना भूगोलको आधारमा - अध्यक्ष त्रिपाठी

प्रस, वीरगंज, २ वैशाख/

जनता प्रगतिशील पार्टीका अध्यक्ष हृदयेश त्रिपाठीले नेपालको पुनर्संरचना राज्यको आधारमा नभई भूगोलको आधारमा भएको बताएका छन्।




शुक्रवार वीरगंजमा पार्टी कार्यालयको उद्‌घाटन गर्दै अध्यक्ष त्रिपाठीले राज्यका सबै अङ्ग अहिले पनि सङ्घकै नियन्त्रणमा रहेको बताए। उनले राज्य संरचना अहिले पनि यथावत् रहेको बताए।

अध्यक्ष त्रिपाठीले मधेसको मुद्दा राष्ट्रिय मुद्दा नबनेसम्म मधेसको समस्या समाधान नहुने बताए। मधेसका नेताहरूले जातिवादको मुद्दा बनाएको कारण नेपालमा विभेद बढ्दै गइरहेको उनको दाबी थियो। मधेसी दलहरू हिजोसम्म उकालो चढ्दै थिए तर अहिले ओरालो लागिरहेकोले प्रगतिशील पार्टीले मात्र नेपालको उत्थान गर्न सक्ने उनको तर्क थियो। स्थानीय तहमा धेरै अधिकार दिइएको कारण बेथितिसँगै भ्रष्टाचार पनि बढ्दै गएको उनको भनाइ थियो। सङ्घ, प्रदेश तथा स्थानीय तहहरूमा महालेखा परीक्षकको कार्यालयले परीक्षण गर्दै आएकोमा स्थानीय तहको लेखाजोखा संसद् मातहत रहेको लेखा समितिसँग छलफल नगराएको कारण सबै स्थानीय तहमा बेरूजु बढ्दै गइरहेको उनको भनाइ थियो।

अध्यक्ष त्रिपाठीले सरकारले स्थानीय तह चुनाव घोषणा गरेपछि नेताभन्दा बढी अन्य क्षेत्रबाट आएका ठगहरूको राजनीतिमा बिगबिगी भएको बताए। निर्वाचन प्रणाली नसुध्रिएसम्म देशमा गैरराजनीतिकर्मीहरूको सबै तहमा सहभागिता बढ्दै जाने उनले दाबी गरे।

नेता त्रिपाठीले विजय सरावगीले चुनाव केको लागि लड्दै छन् सबैलाई थाहा भएको बताए। सरावगीले राजनीतिलाई व्यापार बनाई घाटा–नाफाको मूल्याङ्कन गर्ने गरेको बताए। दुई महीना अघि जन्मिएको जनता प्रगतिशील पार्टीले विचारको राजनीति गर्दै वैचारिक बहसलाई अगाडि बढाएको बताए। उनले नेपालमा रहेका सबै पार्टी अहिले आफ्नो विचार नै बदलेको अवस्थामा यो पार्टी सफल हुने दाबी गरे।

जिल्ला अध्यक्ष प्रह्लाद राय योगीको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष शिवजी यादव, साबिर हुसेन, महामन्त्री रामविलास दास, केन्द्रीय सदस्य श्रीमन्नारायणलगायतले मन्तव्य व्यक्त गरेका थिए।

## छोटकरी

### करणीको आरोपमा चौधरी पक्राउ

प्रस, वीरगंज, २ वैशाख/

६ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको आरोपमा एकजनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ।

चैत २६ गते मध्याह्न १ बजे ६ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको आरोपमा बारा, परसौनी गाउँपालिका–५ घर भई हाल वीरगंज महानगरपालिका–१६ बस्ने ५५ वर्षीय पलट चौधरीलाई प्रहरीले शुक्रवार पक्राउ गरेको हो। चौधरीले आफ्नो कोठामा खेलिरहेकी बालिकालाई बोलाई करणी गरेको उजूरी अभिभावकले दिएपछि पक्राउ गरिएको जिप्रका, पर्साले जनाएको छ।

## संयुक्त राष्ट्र संघ, विकास साझेदारहरु र अन्तर्राष्ट्रिय गैरसरकारी संस्था संघ नेपालको अपिल

हामी, संयुक्त राष्ट्र संघ, विकास साझेदारहरु र अन्तर्राष्ट्रिय गैरसरकारी संस्था संघ नेपाल (AIN) ले हस्ताक्षर गरेको कार्य सञ्चालनका आधारभूत मार्गदर्शनहरु (Basic Operating Guidelines) अनुसार विकास सहयोगमा निष्पक्षता, जवाफदेहिता, पारदर्शिता र समावेशीता प्रति हामी प्रतिवद्ध छौं। नेपालको महत्वपूर्ण स्थानिय निर्वाचन हुन गइरहेको सन्दर्भमा उल्लेखित सिद्धान्तहरु प्रति हाम्रो प्रतिवद्धतामा जोड दिन चाहन्छौं।

त्यहि भावना अनुसार हामी राजनीतिक दल, सरोकारवालाहरु र अन्य समूहहरुलाई यी सिद्धान्तहरु, नेपालको विकासलाई अघि बढाउन र आसन्न निर्वाचन सफल पार्न सामुहिक प्रयासलाई सम्मान गर्न अपिल गर्दछौं।

हामी विशेषतः हाम्रा कर्मचारी र परियोजनाहरुले सामना गर्नु पर्ने चुनौतीहरु प्रति चासो रहेको छ, जस्तै सरोकारवालहरुले चन्दा वा जिन्सी सहयोग उपलब्ध गराउन दिने दावाव। हामी सबै सरोकारवालाहरुलाई प्रष्ट पार्न चाहन्छौ कि, कार्य सञ्चालनका आधारभूत मार्गदर्शनहरु (Basic Operating Guidelines) का हस्ताक्षरकर्ता संस्थाहरुले नेपालको आउँदो निर्वाचन वा अन्य कुनै पनि समयमा चन्दा, नगद वा जिन्सी उपलब्ध गराउने छैन। न त हाम्रा कर्मचारी वा साझेदारहरु प्रति लक्षित कुनै पनि प्रकारको जबरजस्ती, त्रास वा धम्की दिने कार्य स्वीकार्न सक्दैनौं। हाम्रा साझेदारहरु र कर्मचारीहरुलाई यस नीति बारे निर्देशन दिईसकेका छौं।

त्यसैले हामी नेपाल सरकार, राजनीतिक दल, सरोकारवालाहरु र अन्य समुहहरु संग कार्य सञ्चालनका आधारभूत मार्गदर्शनहरुका (Basic Operating Guidelines) सिद्धान्तहरु लाई सम्मान गर्दै नेपाली जनतालाई लाभान्वीत गर्नका लागि निर्वाचानको सन्दर्भमा पनि विकास गतिविधिलाई विनाअवरोध निरन्तरता दिन अनुरोध गर्दछौं।

### तल उल्लेखित निकायहरुद्वारा सहमति गरिएका कार्य सञ्चालनका आधारभूत मार्गदर्शनहरु

अन्तर्राष्ट्रिय मान्यता प्राप्त तथा नेपालमै सहमत भएका जवाफदेहिता, निष्पक्षता, पारदर्शिता तथा समावेशिताका सिद्धान्तहरूमा आधारित हामी निम्न बमोजिमका निकायहरुले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालका जनताका लागि सबै किसिमका विकास कार्यहरु गर्न र आवश्यकता भएमा मानवीय सहयोग गर्नको लागि समेत तल उल्लेखित कार्य संचालनका आधारभूत मार्ग दर्शनहरुमा कार्य गर्न सहमति जनाएका छौं।

१. हामी नेपाली जनताको जीवनस्तर सुधारमा योगदान गर्नका लागि नेपालमा कार्यरत छौं। गरिबी न्यूनीकरण, आधारभूत आवश्यकताहरु परिपूर्ति गर्न र उनीहरुका विकास आकांक्षा पूरा गर्न समुदाय र देशलाई सक्षम बनाउन केन्द्रित हुनेछौं।
२. हामी नेपाल सरकार संगको सम्झौता र स्थानीय समुदायहरुले स्वेच्छाले मुखरित गरेका चाहाना बमोजिम काम गर्दछौं। हामी जनमर्यादा, उनीहरुको संस्कृति, धर्म र रीतिरिवाजको सम्मान गर्दछौं।
३. हामी नेपालका गरिव र सामाजिक रूपले पिछडिएका जनताहरुका लागि उनीहरु जहाँ बसेको भए पनि र जोसुकै भए पनि सहयोग पुऱ्याउँछौं। हाम्रा सहयोग कुनै राजनीतिक, जातिगत, धार्मिक वा अन्य आधारमा नभइ आवश्यकता र प्राथमिकताका आधारमा जो नेपाल सहयोगी राष्ट्र वा संस्थाको छलफलमा आधारित हुने छन्।
४. हाम्रा सहयोगहरु सरकार र प्रभावित समुदायसंग पारदर्शी गर्ने, सुनिश्चित गर्दछौं, साथै लक्षित लाभान्वितहरु, उनीहरुका समुदायहरु तथा प्रतिनिधिहरुलाई कार्यक्रम तर्जुमा, व्यवस्थापन र कार्यान्वयनमा समेत संलग्न गराउछौं। हामीले सहयोग पुऱ्याउन खोजेकाहरु प्रति र उक्त सहयोगका लागि स्रोत र साधन पुऱ्याउने दुवैप्रति हामी जवाफदेही हुनेछौं।
५. खासगरी लिंग, जातिगत, जात र धर्मको आधारमा गरिने भेदभाव र सामाजिक बहिष्कारलाई सुधार्नमा हाम्रा सहयोगलाई सुनिश्चित गर्न खोजिनेछ।
६. हाम्रा कामका लागि चाहिने योग्यता भएका र काम सुहाउँदा कर्मचारीहरु भर्ना गर्दछौं र राजनीतिक वा अन्य कुनै कुराहरुको आधारमा गर्दैनौं।
७. हाम्रा कर्मचारीहरु र विकासका साझेदारहरुलाई हिंसा, अपहरण, हैरानी, त्रास वा धम्की दिने कार्य हामीलाई स्वीकार्य छैन। हाम्रा कार्यक्रम र कर्मचारीहरुको सुरक्षाका साथै निर्वाध कार्यक्रम कार्यान्वयनका लागि उचित वातावरण बनाई दिन हुन सबन्धित सबैलाई जोड गर्दछौं।
८. हाम्रा लाभान्वित समुदाय, कर्मचारी र सेवा प्रदायक साझेदारलाई असर गर्ने यौन शोषण, हैरानी र दुव्यवहार रोक्न तथा आरोपहरुको सम्बोधन गर्न हामी प्रतिवद्ध छौं।
९. हाम्रा मुख्य मूल्य र मान्यताहरुमा सम्झौता गर्न हाम्रा कर्मचारीहरुलाई बाध्य तुल्याउने ठाउँमा हामी कार्य गर्दैनौं।
१०. हाम्रा स्रोतसाधनहरुलाई कुनै किसिमको हिंस्रक, साम्प्रदायिक वा अन्य अभिप्राय जो हाम्रा उल्लेखित कार्यक्रमका उद्देश्य बाहिर भए हामीलाई मान्य हुनेछैन।
११. हाम्रा उल्लेखित कार्यक्रमका उद्देश्य बाहिर हामी कुनै पनि समूह, राजनीतिक दल वा आवद्ध संस्थाहरुलाई चन्दा दिदैनौ साथै कुनै किसिमको करकाप वा स्वैच्छिक नगद वा जिन्सी प्रदान गर्दैनौं।
१२. हाम्रा उपकरण, मालसामानहरु र साधनहरु हाम्रा कार्यक्रममा उल्लेखित उद्देश्य वाहेक अन्य कार्यहरुमा प्रयोग गर्न दिइने छैन। हाम्रा सवारीसाधनहरू विकासको कार्यक्रमसंग प्रत्यक्ष सम्बन्ध नभएका व्यक्ति वा सामानहरु ढुवानी गर्न प्रयोग हुने छैन। हाम्रा सवारीसाधानहरु सशस्त्र वा जंगी पोशाक लगाएका कर्मचारीहरु ओसारपसार गर्न प्रयोग गरिने छैन।
१३. विकास वा मानवीय सहयोगको चोरी, अन्य कार्यमा प्रयोग वा दुरुपयोग जस्ता कार्यहरु हामीलाई मान्य छैन।
१४. हामी सबै सम्बन्धितलाई विकास तथा मानवीय कर्मचारीहरुलाई सहयोगको आवश्यकतामा रहेका जनतासम्म विकासका कार्यक्रमहरुलाई कार्यान्वयनका लागि पूर्ण पहुँच प्रदान गर्न साथै उनीहरुको सुरक्षाको प्रवर्द्धन र स्वतन्त्र आवागमन गर्न दिन आग्रह गर्दछौं।
१५. हामी सबै सम्बन्धित पात्रहरुबाट अन्तर्राष्ट्रिय मानवीय तथा मानव अधिकार कानुनहरुको कडाईका साथ पालनाको अपेक्षा गर्दछौं र यसका लागि प्रोत्साहित गर्दछौं।

United Nations
European Union
Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra
Swiss Agency for Development and Cooperation SDC
UKaid from the British people
JICA
NORWEGIAN EMBASSY
Ministry for Foreign Affairs of Finland
Australian Aid
giz Deutsche Gesellschaft für Internationale Zusammenarbeit (GIZ) GmbH
ain Association of International NGOs in Nepal
SNV Netherlands Development Organisation
KOICA Korea International Cooperation Agency
AMERICAN EMBASSY

### विचारसार र सूक्तिहरू

**सबैका लागि प्रार्थना गर । हुन सक्छ कसैको भाग्य तिम्रो प्रार्थनाको प्रतीक्षा गरिरहेको होस् ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९,
फोन नं. ०५१-५२५१२२, ५२३१०५, ९८४५०२१९१०
email: prateekdaily@gmail.com
Website: www.prateekdaily.com

## डढेलो लगाउने चलन

**गहुँबाली भित्र्याइसकेपछि छ्वाँलीमा डढेलो लगाउने चलन समस्या बनेको छ । पर्सा, बारालगायत गहुँखेती हुने अधिकांश जिल्लाका कृषकले बाली भित्र्याएपछि गहुँको छ्वालीमा आगो लगाउने गरेका छन् । आगो लगाउने हतार र असावधानी कतिसम्म छ भने बाली भित्र्याइसकेपछि छिमेकीको बाली टिप्न नपाउँदै आगो लगाइदिने गर्छन्, जसले छिमेकको खेतको बाली नष्ट गरेको छ । बितेको वर्ष पर्सा जिल्लाकै एक ग्रामीण बस्तीमा छ्वालीमा लगाइएको आगो गहुँबालीमा पुगेपछि टचाक्टर प्रयोग गरी खेतमा अग्निरेखा बनाएर आगो नियन्त्रण गरिएको थियो । यसरी खेतमा आगो लगाउँदा छिमेकको बाली तथा बस्तीमा आगलागी हुने गरेको छ । आगो नियन्त्रणको क्रममा कैयन कृषक घाइते भएका छन् भने आगो लगाएको निहुँमा गाउँ, टोल, समाजमा झैंझगडा बढेको छ ।**

**गहुँपछि धानबालीका लागि गहुँको छ्वालीले अवरोध पुऱ्याउने भएकोले जलाएर नष्ट गर्नुको विकल्प नरहेको कृषकहरूको तर्क छ । विशेषत: गहुँ काटेपछि खेतमा रहेको छ्वाली जलाउने बेला तराई–मधेसमा चल्ने तातो हावासँगै राप र धूवाँ चारैतिर फैलिंदा वातावरण निकै प्रदूषित हुन्छ । डढेलोसँगै उड्ने छाइले जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने गरेको छ । यसरी वातावरण तथा पर्यावरण एवं मानव स्वस्थ्यमा प्रतिकूल असर पर्ने कार्य गर्न वातावरण संरक्षण ऐन २०७६ ले रोक लगाएको छ । पराल वा छ्वाली खेतमैं जलाउने कार्य कानूनत: दण्डनीय हो । जानाजान वा अन्जानमा कानून प्रतिबन्धित कार्य भइरहँदा पनि नागरिक समाज, सुरक्षा संयन्त्र र प्रशासन मौन बस्छ । धानको पराल, मकैको ढाँट वा गहुँको छ्वाली जलाउँदा वातावरण दूषित हुनुका साथै माटोको उर्वरा–शक्ति नष्ट हुन्छ । डढेलोबाट जैविक ऱ्हास हुने हुँदा माटोको उर्वरा–शक्ति नष्ट हुन्छ । पराल र छ्वाली जलाउँदा गड्यौलालगायत बालीका लागि लाभदायक मित्रजीव पनि जलेर नष्ट हुन्छ । यसले बाली उत्पादनमा नकारात्मक असर पर्ने हुँदा कृषकको हित अनुकूल सरकारले ऐन–कानून बनाएको हो । कम्बाइन र हार्बेस्टर मेशीन प्रयोग गरी खेतमा धान वा गहुँ काट्दा पराल तथा छ्वाली खेतमैं छुट्ने र किसानले आगो लगाइदिंदा केही वर्षअघि सरकारले यी मेशीनको आयात र प्रयोगमैं प्रतिबन्ध लगाएको थियो । तर कृषि प्रविधिको युगमा औजार प्रयोग नगरी हातले खेती गर्न मजदूर अभाव भएपछि पुन: मेशीन प्रयोग फुकुवा गरिएको हो । हाल सरकारले नीति परिवर्तन गर्दै कम्बाइन र हार्वेस्टर मेशीन प्रयोग गर्दा सोको साथमा पराल तथा छ्वाली सङ्कलन गर्ने 'स्ट्ररेपर' उपकरण पनि जोड्नैपर्ने अनिवार्य गरेको छ । यी दुवै प्रावधान सरकारले लगाउनुको पछाडि खेतमा पराल र छ्वालीमा आगलागी हुनबाट जोगाउनु हो ।**

**खेतमा डढेलो लगाउने चलन हाम्रो मनोविज्ञानको पनि उपज हो । डढेलोको कारण कैयन दुर्घटना भइसक्दासमेत चेत आउन सकेको छैन । जङ्गल फडानी गरेर बस्ती बस्दाताका हाम्रा पुर्खाहरूले डढेलोको सहारा लिएका थिए । कतिपय रुढिवादी कुसंस्कार त्याग्न नसकेजस्तै डढेलो संस्कार पनि बोकेर आइरहेका छौं । कुसंस्कार त्याग्न बुझ्नेहरूका लागि चेतनामूलक शिक्षा काफी छ; जो अबुझ वा लापरवाह छ, उसलाई कानूनले बाँध्नुपर्ने हो । अपशोचको कुरा यहाँ न [redacted]एको छ, न कानून कार्यान्वयनप्रति [redacted] छ ।**

# तदपि, नयाँ वर्षको शुभकामना !

स्वतन्त्र विचार



**राजेन्द्रप्रसाद कोइराला**
(A PhD Scholar)
Koiralarp46@gmail.com

**रेणुलाई प्रचण्डकी छोरीको रूपमा बुझ्नु महाभूल हुनेछ । रेणु हेडक्वाटरकी छोरी हुन्, पावरकी छोरी हुन्, संस्थाकी छोरी हुन् । त्यो संस्था जसले देउवालाई प्रधानमन्त्री बनायो, त्यो संस्था जसले ओलीलाई सडकमा ल्यायो, त्यो संस्था जसले गणतन्त्र ल्यायो ।**

नयाँ वर्ष २०७९, २०७८ भन्दा पनि निराशाजनक हुनेछ । देश त्यही, कर्मचारी तिनै, भ्रष्टाचार यथावत्, गन्हाएका नेताहरू त्यही, जसमा न देश बनाउने सङ्कल्प छ, न आफू परिवर्तन हुने कुनै सन्देश । २००७ सालदेखि २०७८ सालसम्म पञ्चायतको ३० वर्ष छुटचाइदिंदा पनि, ४१ वर्षे प्रजातान्त्रिक/लोकतान्त्रिक देशमा खै विकास, खै उन्नति, खै विज्ञान र प्रविधिको उत्तचतम प्रयोग । मुलुक झन्झन् पराश्रित र गरीब, कहालिलाग्दो आर्थिक स्थिति, बदलाको राजनीति, नेताका निकृष्ट र छुच्चो बोली । सङ्घीयताको नाममा भाइ–भतिजा, ज्वाइँ–छोरीलाई राजदूत र मेयर बनाउने परिवारवाद । जतातत‍ै लथालिङ्ग ।

ध्यान दिएर हेर्ने हो भने सत्तामा जानेहरू एक अर्काका क्लोनजस्ता देखिन्छन् । उस्तै ब्रान्डका उपभोक्ता । उनीहरू एकै किसिमका चीज पिउँछन्, खान्छन् । उस्तै कम्पनीको कारमा घुम्छन् । हरेकका खाता उस्तै बैंकमा हुन्छ । सबैका गोजीमा उस्तै किसिमका क्रेडिट कार्ड र एटिएम र हातमा उस्तै मोबाइल । उस्तै रक्सीको नशामा दिनरात बिताइरहेका हुन्छन् । अखबारका पाना र टिभि च्यानलमा सधैं बेशर्म र नाङ्गा देखिन्छन् ।

जो कोहीलाई भोट दिएर जिताए पनि जनताको जीवनमा तात्त्विक फरक देखिंदैन । मित्रता, सम्बन्ध, सद्भाव सबै भुलेर आफ्नो र अर्काको पार्टी भन्दै गाली र छुच्चो भाषाको प्रयोग ।

यिनीहरूलाई देश कसरी लुट्न सकिन्छबाहेक अरू ध्याउन्न छैन । कुन दलको विश्वास गने ? प्रजातान्त्रिक भनाउँदो काङ्ग्रेसलाई शेरबहादुरको क्रियाकलापले पत्रु, काङ्ग्रेसका नेता–कार्यकर्ताहरूलाई शर्मनाक बनाएको छ । एमाले क्षूद्र दन्तबझानमैं व्यस्त छ । माओवादीको त कुरै के गर्नु ! संसदीय प्रणालीमा छिरेर सम्पूर्ण संस्थालाई ध्वस्त पारिसके । यी त भस्मासुर नै भए; न्यायालय, अख्तियारजस्ता संस्थालाई पनि सेकुवा बनाएर खाइसके । हुँदाहुँदा राष्ट्र बैंकलाई पनि अछूतो राखेनन् । भर्खरै भारतीय राजादूतको बिदाइ समारोहमा यिनीहरूले देखाएको तमाशाले लाजलाई नै लाज लाग्यो । आफ्नो चुनावी प्रचारमा कुलमान घिसिङ्गो तस्वीर टाँसेर देखाएको अर्को तमाशा यहाँ उल्लेख गर्नैपर्छ ।

शशांक कोइराला भन्ने एकजना पात्र छन्, देशमा । प्रतिनिधि पात्र नै हुन् उनी । यिनले गत चुनावमा छ करोड खर्च गरेछन् । 'अफ द रेकर्ड' सुनाएपछि यिनले युवा र चेतनशील नागरिकलाई चुनौती दिए आफ्नो निर्वाचन क्षेत्रबाट उम्मेदवारी दिन । हाँक दिंदै थपे पनि अबको चुनावमा सातदेखि आठ करोड खर्च हुनेछ, छ कोही त्यहाँबाट उम्मेदवार हुन ? प्रश्न उठ्छ–यिनले त्यो रकमको जोहो कहाँबाट गरे ? यिनको खर्चको स्रोत के हो ? कहाँबाट ल्याउँछन यत्रो रकम ? यिनीसँग पैसा फल्ने रूख छ ?

हिसाब देखाउनुपर्दैन ? अडिटले के हेरिराको छ ? यो सोझै महालेखाको कार्यक्षेत्रसँग जोडिएन ? आचारसंहिता र कानून मिचिएन ? जाँचबुझको लागि पक्राउ गर्नुपर्ने अवस्था होइन र ?

अहिले देशमा विद्यमान तरलताको अभावको उत्तर यही हो । निकट भविष्यको स्थानीय चुनाव र त्यसलगत्तै हुने संसदीय चुनावका लागि हजारौं उम्मेदवार छन् । ती हरेकले सालाखाला पाँच करोड खर्च गर्नेगरी ढुकुटी तयार राखेका छन् । अनि बजारमा पैसा कसरी हुन्छ ? अर्बौं रुपियाँ यसरी फ्रिज भइरहेको छ । अनि अमेरिकाबाट कत्रो योजना गरी ल्याएको डलर रोकिंदा, गभर्नरलाई निलम्बन नगरे कसलाई गर्ने त ?

यो देशको अर्को ठूलो समस्या भनेको अलि ठूलो काम, कारोबार हुन लाग्दा वा हुँदा जिम्मेवार निकायमा बसेको मुख्य व्यक्ति विभिन्न आरोप लागेर निलम्बित वा बर्खास्त हुने गर्छ । कारोबार गर्ने व्यक्तिले पहिले आरोप लगाउँछ, घूस वा कमिशन मागेर काम गर्न नचाहेको भनेर । त्यसपछि कथा सकियो । मिडियाले त्यसलाई 'सत्यतथ्य' भनेर स्थापित गरिदन्छ । घूस, कमिशन र आर्थिक अपचलनको कुनै पनि आरोप जस्ताको तस्तै पत्याइदिने हामी छँदैछौं । हामीलाई आरोप लगाउने व्यक्ति सही हो कि गलत, प्रस्तावित कारोबार ठीक थियो कि थिएन, जिम्मेवार व्यक्तिले के प्रश्न उठाएको हो, कस्तो अन्तर्क्रिया भएको थियो भन्ने कुरामा कुनै चासो हुन्न । पदमा बस्ने व्यक्ति भ्रष्ट हुनु हाम्रो नजरमा एकदम स्वाभाविक हो । यही मेसोमा आरोप लगाउने व्यक्ति चोखो प्रमाणित भइसक्छ । चिल आएको हल्ला पत्याएर उभो मुन्टो लगाउने हामीले स्यालले कुखुरा टप्काइसकेको कहिले चाल पाउँदैनौं ।

विद्वान् राम लोहनीले लेखेको एउटा टिप्पणी–"फिलिप जोर्डन नामका एक गणितज्ञ थिए । तिनको 'कार्ड प्याराडक्स' भन्ने एउटा पजल थियो । कार्डको एकापट्टि The sentence on the other side is true र अर्कोपट्टि The sentence on the other side is false लेखिएको थियो । कुन चाहिं पत्याउनु ?

हाम्रो राजनीतिमा यस्ता प्याराडक्सको भरमार छ । नेताहरूको एउटा पाटो पल्टाउन खोज्यो, अर्को पाटोले अघिल्लो पाटोलाई खारेज गरिरहेको देखिन्छ । कार्ड प्याराडक्समा पहिले ट्रू वाला वाक्य पढेर कार्ड पल्टाएपछि देखिने वाक्यले ट्रूलाई फल्स भनिदिन्छ । पहिले फल्स वाक्य पढेर कार्ड पल्टाउँदा फल्स वाक्यलाई ट्रु भनिदिन्छ । कुन चाहिं पत्याउने ? पत्याउँदा पनि सुख छैन, नपत्याउँदा पनि सुख छैन ।

त्यस्तै लायर्स प्याराडक्स छ–'म झूटो बोल्छु' । 'झूटो बोल्छु' भन्ने कुरा पत्याउने हो भने उसले बोलेको झूटो ठहरिन्न, साँचो ठहरिन्छ । नपत्याउने हो भने उसले साँचो बोलेको मान्नुपर्छ । यस्तो चक्र चलिरहन्छ, निरन्तर । कार्ड प्याराडक्स हाम्रो जीवित इतिहास हो ।

अर्कोतिर नेपालमा प्रचण्ड भन्ने नेपाली स्टालिन छन्– उनको कामै बनेको काम भत्काउने । उनी जङ्गल छाडेर बस्ती पसेपछि देश कहाँबाट कहाँ पुगिसक्यो । छोरीलाई फेरि मेयर बनाउन अनेक तिकडम गरेर भस्मासुरलाई वशीभूत पार्न जोड लगाउँदै छन् । किनकि ज्योतिषिले भने अनुसार उनले देशको सातौं प्रधानमन्त्री बन्नुछ । देश र पार्टीको जेसुकै होस् । यहाा एउटा भाष्य उल्लेख गर्न चाहें–स्टालिनले एकपटक छोरालाई सम्झाएका थिए–"हेर् बाबू ! स्टालिन भनेको म होइन, तँ पनि होइनस् । स्टालिन भनेको पावर हो, पत्रपत्रिकामा छापिने स्टालिन स्टालिन हो, सोभियत सङ्घको सर्वोच्च कमान्डर हो स्टालिन । स्टालिन व्यक्ति होइन ।" आशय के थियो भने "तँ व्यक्तिको छोरा होइनस्, संस्थाको छोरा होस्, पावरको छोरा होस् ।"

चितवनमा अहिले लगभग यस्तै अवस्था छ । रेणुलाई प्रचण्डकी छोरीको रूपमा बुझ्नु महाभूल हुनेछ । रेणु हेडक्वाटरकी छोरी हुन्, पावरकी छोरी हुन्, संस्थाकी छोरी हुन् । त्यो संस्था जसले देउवालाई प्रधानमन्त्री बनायो, त्यो संस्था जसले ओलीलाई सडकमा ल्यायो, त्यो संस्था जसले गणतन्त्र ल्यायो । रेणु गणातन्त्रकी छोरी हुन्, वर्तमान प्रधानमन्त्रीको कुर्सी थाम्ने शक्तिकी छोरी हुन् । यति कुरा पनि नबुझ्ने, बुझेर पनि बुझ पचाउनेलाई कसरी महानगरवासी भन्नु ? नेपाली जनताले स्टालिनबाट किन सिक्दैनन् ? हुनत स्टालिनबारे प्रस्ट नबताउनु स्टालिनवादीहरूकै दोष हो । तथापि हामी नेपाली सधैं खुशी र प्रसन्न हुने जेनेटिक बानी–बेहोरा भएका पऱ्यौं ।

यहाँहरू सबैको कल्याण होस्, आफ्नै बलबुताबाट कर्म गर्दै आफ्नो लक्ष्यको गोरेटो कोर्न सकौं ।

मैले अन्जानवश मन दुखाएका जनसँग दश औंला जोडेर क्षमायाचना गर्दै २०७८ लाई बिदा र आउँदा दिनहरूमा सबै तीतामीठा अनुभव सँगाल्दै आफू अझ बढी सृजनशील, अझ जुझारू र अझ जिम्मेवारीबोध गर्दै सकल जीवन अगाडि बढोस् भन्ने कामना गर्दछु ।

मेरा सम्पूर्ण आफन्त, भाइ–भतिजा, दिदी–बहिनी, छोराछोरी, काकाकाकी, मामामाइजू र मैले आफ्नो बनाउन नसकेका सबैमा नयाँ वर्षको हार्दिक मङ्गलमय शुभकामना !

# शेयर बजारमा नयाँ इतिहास कायम भएको वर्ष २०७८

–रमेश लम्साल

काठमाडौं, २ वैशाख/रासस

बाइस अर्ब बराबरको कारोबार, नेप्से परिसूचकमा उच्च अङ्कको वृद्धि, हितग्राही खाता खोल्नेको सङ्ख्यामा बहार, नेपालको शेयर बजारमा वर्ष २०७८ ले स्थापित गरेको मानक हो ।

सिडिएस एन्ड क्लियरिङ लिमिटेडका अनुसार हालसम्म ५१ लाख २१ हजार ८६१ वटा हितग्राही खाता खुलेका छन् । यस्तै ४२ लाख ३५ हजार ३९३ वटा मेरो शेयरको एकाउन्ट खोलिएको छ । कुल आठ अर्ब ३६ करोड १५ लाख ४३ हजार ६८४ कित्ता शेयर अभौतिकीकरण गरिएको छ । यो विवरणले पनि नेपालको शेयर बजारमा भएको विस्तार र विविधिकरणको चित्रण गर्दछ ।

दोस्रो बजारमा शेयर कारोबारका लागि नेपाल स्टक एक्सचेन्जमा हालसम्म ३३० कम्पनी सूचीकृत भएका छन् । नेप्सेमा अझै पनि बैंक तथा वित्तीय संस्था एवं बीमा कम्पनीको बोलवाला देखिन्छ । वर्ष, २०७८ ले शेयर बजार नयाँ उचाइमा पुग्न सक्छ भन्ने एउटा रेकर्ड कायम गरेको छ । मिश्रित एवं पूँजीवादी अर्थ राजनीतिक प्रणाली अवलम्बन गरेका धेरै देशमा शेयर बजारमार्फत पूँजी सङ्कलन गर्ने र लगानी विस्तार गर्ने गरिएको छ ।

कोरोना भाइरस सङ्क्रमणको उच्च जोखिमका कारण लगानीका अन्य स्रोतमा भएको वञ्चितीकरणले पनि शेयर बजारमा असाध्यै ठूलो उभार आएको थियो । नेप्सेको विवरण अनुसार २०७८ भदौ २ गते नेप्से तीन हजार २०० को अङ्क नजीक पुगेको थियो । यो बिन्दु हालसम्मकै उच्च हो । त्यस दिन बजार पूँजीकरण रु ४४ खर्ब ६८ अर्ब ५० करोड ५३ लाख ९० हजार बराबर पुगेको थियो । राष्ट्रिय तथ्याङ्क विभागका अनुसार नेपालको कुल गार्हस्थ्य उत्पादन (जिडिपी) रु ४१ खर्ब बराबर छ तर, बजार पूँजीकरण जिडिपीभन्दा रु तीन खर्ब बढी भएको थियो ।

त्यस दिन बजार पूँजीकरण रु ४४ खर्ब ६८ अर्ब ५० करोड ५३ लाख ९० हजार बराबर पुगेको थियो । राष्ट्रिय तथ्याङ्क विभागका अनुसार नेपालको कुल गार्हस्थ्य उत्पादन (जिडिपी) रु ४१ खर्ब बराबर छ तर बजार पूँजीकरण जिडिपीभन्दा रु तीन खर्ब बढी भएको थियो । विसं २०७७ चैत ३१ को अन्तिम कारोबार दिन नेप्से परिसूचक दुई हजार ७१४.७९ अङ्कमा बन्द भएको थियो । गत वर्षको पहिलो कारोबार दिन अर्थात् २०७८ वैशाख २ गते नेप्से परिसूचक २०.६७ अङ्कले बढेर दुई हजार ७३५.४६ मा बन्द भएको थियो ।

अनेकन उतारचढावका बीच नेप्से परिसूचकले गत भदौ २ गते सबैभन्दा उच्च बिन्दुको इतिहास कायम गऱ्यो । त्यस दिन नेप्से परिसूचक तीन हजार १९८.६० मा पुगेको थियो । शेयर बजारमा थोरै पूँजी लगानी गर्नेले समेत राम्रै नाफा कमाएका थिए । तर, नेपाल राष्ट्र बैंकले चालू आर्थिक वर्षको मौद्रिक नीतिमा व्यक्तिगत रु चार करोड र परिवारका थप तीनजनाले रु १२ करोड बराबर मात्रै शेयर धितो कर्जा लिन पाउने बन्दोबस्ती गरेपछि शेयर बजारमा राम्रै हलचल भयो । शेयर लगानीकर्ताका विभिन्न समूहले केन्द्रीय बैंक शेयर बजार मैत्री नभएको भन्दै असन्तुष्टि व्यक्त गरे ।

शेयर बजारलाई उत्पादनशील क्षेत्र मान्ने कि अनुत्पादक क्षेत्र मान्ने भन्ने बहस सधैंजसो चलिरहेको छ । केन्द्रीय बैंकको लगानी सीमाले पनि सो बहसलाई सतहमा ल्याइदियो । धितोपत्र बजारको नियामक निकाय नेपाल धितोपत्र बोर्डका अध्यक्ष भीष्मराज ढुङ्गाना गैरकानूनी शेयर कारोबारमा संलग्न भएको पाइएपछि यसै वर्ष बर्खास्तीमा परे ।

सर्वोत्तम सिमेन्ट कम्पनीको साधारण शेयर बूक बिल्डिङ विधिबाट बिक्री गर्ने प्रयोजनका लागि बोर्डमा आवेदन दिनुअगावै अध्यक्ष ढुङ्गानाले छोरी रेविकाको नाममा १० हजार कित्ता शेयर खरीद गरेको समाचार सार्वजनिक भयो । नियामक निकायको प्रमुखले नै शेयर खरीद गरेको भन्दै चौतर्फी आलोचना भयो । अर्थ मन्त्रालयले ढुङ्गानालाई के कसो भएको हो भन्ने जिज्ञासा राख्दै पत्राचार गऱ्यो । मन्त्रालयले आन्तरिक रूपमा मात्रै नभई विशेष छानबीन समिति नै गठन गरेर ढुङ्गानामाथि अनुसन्धान गऱ्यो । अनुसन्धानबाट ढुङ्गानाले गैरकानूनीरूपमा शेयर खरीद गरेको पुष्टि भयो । अन्तत: उनी आफ्नो पदबाट हट्नुपऱ्यो । नेपालको शेयर बजारको इतिहासमा नियामक निकायको प्रमुख नै बर्खास्तीमा परेको पनि यो पहिलोपटक देखियो ।

त्यति मात्र नभई नेप्सेका प्रमुख कार्यकारी अधिकृत चन्द्रसिंह साउदलाई पनि सर्वोत्तम सिमेन्ट प्रकरणले राजीनामा दिन बाध्य बनायो । साउदले समेत पत्नीको नाममा शेयर खरीद गरेको पाइएको थियो । नियामक र बजार व्यवस्थापकको रूपमा रहेको नेप्सेका प्रमुखलाई नै कारबाईको दायरामा ल्याउने विषय शेयर बजारका लागि कालो इतिहासको रूपमा स्थापित भयो । विसं २०७७ को असार मसान्तमा १७ लाखको हाराहारीमा रहेको हितग्राही खाता

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# वाटिका

वर्ष-३५ | २०७९ वैशाख ०३ गते शनिवार | 2022 April 16 Saturday


## मोफसलमा हुनुको यो भौतिक पीडा

**स्वान्त सुखाय:**



सञ्जय मित्र
mitrasanjay41@gmail.com

**सबै काम धराप । आजको दिन कुनै काम हुन पाएन । लेखाइपढाइ हुन पाएन, घरको काम पनि गर्न सकिएन । साथीभाइलाई भेट्न सकिएन । कम्तीमा घरमा बस्न सकिन्थ्यो र केही सिर्जनात्मक काम हुन्थ्यो, त्यो पनि भएन ।**

आज रामनवमी। देशभर सार्वजनिक बिदा छ तर रौतहटमा विशेष दिन छ, आज। राष्ट्रपति विद्यादेवी भण्डारीको आगमन हुँदैछ रौतहटमा। त्यो पनि गरुडा नगरपालिकामा । म गरुडावासी हुँ । गरुडा नगरपालिकाको नागरिक हुँ। मेरो नगरपालिकामा राष्ट्रपतिको आगमन हुँदैछ । म पूर्ण तयार छु कार्यक्रममा जानको लागि, उत्सुक छु र प्रतीक्षारत पनि।

आज बिहान अलिक फुर्सत छ । छतमा मोबाइल लिएर पुग्छु। इन्टरनेटले छतमा पनि काम गरेको छ। एक दुई फोन गर्नु थियो, गर्छु। म्यासेन्जरमा कल गर्छु साहित्यकार नरनाथ लुईंटेललाई। उहाँ मलाई खासै चिन्नुहुन्न। मूल उद्देश्य भलाकुसारी नै हो। केही हप्ता पहिले उहाँले व्यङ्ग्यम् माग्नुभएको थियो। सोही क्रममा हेटौंडा साहित्य महोत्सवमा पुगेर भाइ रामअविकाससित आज भोलि नै पठाउनुपर्ने कुरोकानी भएको थियो। दुई प्रति नरनाथ लुईंटेल र दुई प्रति लक्ष्मण गाम्नागेलाई। किताब पुग्यो होला भन्ने कुरामा ढुक्क थिएँ। प्रसङ्ग आयो तर पुस्तक नआएको कुरो थाहा भयो। थोरै कुरा गरेर मुख्यगरी सञ्चो-बिसञ्चो र अन्य केही भलाकुसारी गरी दुवैजना एकअर्काबाट बिदा लिन्छौं।

ह्वाट्स एप लगाउँछु अविकासको। व्यस्तको नोटिस आउँछ तर लगत्तै उताबाट आइहाल्छ फेरि ह्वाट्स एपमैं। कुराकानी हुन्छ दाजुभाइबीच । दुई दशकभन्दा बढी समयदेखि दाजु नै भन्दै आएका छन् अविकासले मलाई । भलाकुसारी चल्छ र प्रसङ्गले व्यङ्ग्यम् कतै पठाउन नसकेको कुरो आउँछ । अनि राम भन्छन् – मेरो भर नपर्नू दाइ, मेरो ठेगान हुँदैन।

कुरियर गर्न कि गौर पुग्नुपर्छ कि चन्द्रपुर। म बसेको ठाउँबाट दुवै समान दूरीमा छन् दुई ध्रुवजस्तै। आजै कतै गएर कुरियर गर्छु भन्ने दृढताको बीजारोपण हुन्छ मनमा। राष्ट्रपतिको कार्यक्रमको लागि दिउँसो १२ बजेको निम्तो छ। निम्तो सांसद अनिलकुमार झाले फोन गरेर दिएका हुन्। सांसद झाकै नेतृत्वमा गरुडा नपा-१ मा गजेन्द्रनारायण सिंह स्मृति अस्पताल निर्माण भएको छ। यसको समुद्घाटनका लागि राष्ट्रपतिको आगमन हुँदैछ।

आज चैत २७ गते भए पनि बिहानैदेखि गर्मी छैन। पुर्वैया शीतल हावा बिहानैदेखि चलिरहेको छ। आकाशमा बादल पनि लागेको छ तर वर्षाको सम्भावना छैन।

खाना खाँदाखाँदै विचार आउँछ कार्यक्रममा जाने र दुई बजेतिर कार्यक्रम सकिएपछि गौर पुग्ने कुरियर गर्न। खाना खाएर खाम ल्याएर दुईवटा खाममा दुईदुई व्यङ्ग्यम् हाल्छु र घरबाट निस्कन्छु। पौने बार बजेको छ। जयनगर पुग्छु। कार्यक्रमको प्रवेशद्वारको ठीक अगाडि सडकभन्दा तल्तिर खेतमा पार्किङ बनाइएको छ। उतै लाग्छु म स्कूटर राख्न। स्कूटर एउटा सभ्य नागरिकले झैं साइड गरेर राख्छु। त्यहीं प्रहरीहरू छन्। स्कूटरमा हेल्मेट खोलेर हाल्छु। अलिकति पोशाक मिलाउँछु। अनि त्यहाँबाट कार्यक्रमतिर अगाडि बढ्न खोज्छु। चार पाँच पाइला अगाडि बढिसकेको हुन्छ कि एकजना प्रहरी कराउँछन्– उता लैजानुस् गाडी। अघिदेखि त्यहीं उभिएका प्रहरीले पहिले नै भनेका भए इशारा गरेकै ठाउँतिर लगाउँथे। पहिले हेरेर बस्ने अनि गाडी लगाएर चारपाँच पाइला हिंडेपछि पुलिसिया शैलीमा कडा बोली पार्दै भोजपुरी भाषामा बोल्ने प्रहरी ध्रुव यादवको अनुहार र बोलीको शैली देखेर गाडी निकाल्छु र हिंड्छु।

म किन बस्थें कार्यक्रममा। सोझै हानिन्छु गौरतिर। पहिले कुरियर गरूँ कि पहिले साहित्यकार नवराज रिजालले पठाइदिएको पुस्तक खोजूँ। साहित्यकार रिजालले आफ्नो पुस्तक मलाई पठाइदिएका छन् माया गरेर। माँ कल्याणी बसको काउन्टरमा छाडिदिएका छन् कम्तीमा तीन हप्ता पहिले। धेरैजनालाई भनिसकें गौर बसपार्कमा छ रे एकचोटि हेरिदिनू। हरेक मानिसका आफ्नै व्यस्तता हुँदोरहेछ। आज एक पन्थ दुई काज हुने भयो। अझै राष्ट्रपतिको सवारी भइसकेको छैन। एक घण्टामा त फर्किहाल्छु नि, भनेर कुद्छु गौरतिर।

गौरमा एउटै पसलमा कुरियर हुन्छ। हाम्रो जिल्लाको सदरमुकाम भए पनि कुरियर सेवा अलिकति पनि भरपर्दो छैन। पहिले जनमत साहित्यिक मासिक आएर महीनौं थन्किथ्यो। कुरियर पसल कहिले बन्द हुन्थ्यो त कहिले मान्छे हुँदैनथ्यो। आज पनि पसल बन्द छ। कुरियरको लागि अन्य स्टेशनरी पसलहरूमा पुग्छु तर अन्य कुनै पनि पसलले कुरियर गर्दैन। अब आस मर्छ।

अनि खोजीमा जुट्छु साहित्यकार रिजालको पुस्तकको। गौर बजारमैं रहेको माँ कल्याणीको काउन्टरमा सोध्छु। हेर्दै नहेरी काउन्टरको मानिसले नमीठो बोलीमा झर्केर भन्छ – यहाँ कुनै सामानतामान छैन। बसमैं गएर सोध्नू।

बस हुन्छ बसपार्कमा। त्यहाँबाट सोझै पुग्छु बसपार्क। बसपार्कको नौ नम्बर सटरमा छ माँ कल्याणीको काउन्टर। काउन्टरमा एकजना मानिस बसेका छन् जो मोबाइलमा कुनै गेम खेलिरहेका छन्। मलाई स्कुटरबाट ओर्लेको देखेर अलिक व्यस्त भएजस्तो गर्छन्। "काठमाडौंबाट कुनै किताबको सानो पोको आएको छ?" म स्थानीय बज्जिका भाषामा सोध्छु। जब उनले थाहा पाउँछन् म टिकट लिन आएको होइन तब उनी अपशब्द मात्र प्रयोग नगरी यत्ति जर्कटिएको बोलीमा इन्कार गर्दछन् मानौं मैले कुनै भयङ्कर अपराध गरेको छु जसको क्षमायाचना गर्दा पनि उनको स्वाभिमानमा चोट लाग्छ।

साउजीको हातमा काठमाडौंमा दिएको भन्ने आग्रह हुन्छ निवेदनको पारामा। उनी साउकै हातबाट लिनू नभए गाडीमा गएर हेर्नू भन्छन्। उनको बोली निसाफकर्ताको न्यायवचन हुन्छ र म याचकजस्तो उभिएको छु। हेर्छु नजीकै गाडी छ। गाडीनेर गएर हेर्छु ढोका बन्दछ। कोही पनि मानिस छैन।

अलिकति आक्रोश र धेरै निराशा मनभित्र हुलेर गौरबाट फर्कन खोज्छु। बसपार्कबाट निस्कँदै गर्दा पौने एक बजेको छ। राष्ट्रपतिको आगमन भइसकेको हुनुपर्छ भन्ने ठानी कार्यक्रमको लागि हिंड्छु। करीब एक बजेतिर आइपुग्छु। पैदल मानिसहरूको लर्को छ कार्यक्रमको लागि। खेतमा हेलिकप्टर रोकिएको छ। कार्यक्रममा पुग्ने मुख्य प्रवेशद्वारमा अत्यधिक भीड छ। यति भीड छिचोलेर जाँदा त्यहाँ बस्ने ठाउँको पनि अभाव होला। बरु आज चन्द्रपुर गएर पनि कुरियर गर्छु। अलमल नगरी सोझै हानिन्छु चन्द्रपुरतर्फ।

सधैं पुस्तक वा पत्रिका किन्ने गरेको पसलमा पुग्छु। त्यहाँ कुरियर सेवा छैन। पुस्तकको कुनै पोको आएको छैन। अनि हानिन्छु शुभ प्रभात स्टेशनरीतर्फ। कुरियर सेवा उपलब्ध छ। कुरियर गरेर एकै छिन इलाका प्रहरी कार्यालय चन्द्रपुरका कार्यालय प्रमुख डिएसपी सन्तुकुमार जैस्बारलाई भेट्न पुग्छु। सन्तपुरको थारू होटलमा खाजा खाने विचारमा छु। घोंघी, गंगटो, सिप्पी, लोकल कुखुरा, खोलाको माछा, हाँस सबै पाइन्छ। निकै पहिलेदेखि नाम सुनेको हो, ठाउँ देखेको हो तर खान पाएको छैन। त्यहीं बस्ने एकजना साथी हुनुहुन्छ नरेन्द्रकुमार चौधरी। बिहान हामी एकै ठाउँमा हुन्छौं क्याम्पसमा। फोन गर्छु त संयोगले तयार भइहाल्छन्। अनि चपुरबाट सन्तपुरतर्फ फर्किंदै गर्दा स्कूटर बन्द हुन्छ। पौने तीन बजेदेखि पौने सात बजेसम्म स्कूटर बनाउने मिस्त्रीले समय लगाइदिन्छ।

सबै काम धराप। आजको दिन कुनै काम हुन पाएन। लेखाइपढाइ हुन पाएन, घरको काम पनि गर्न सकिएन। साथीभाइलाई भेट्न सकिएन। कम्तीमा घरमा बस्न सकिन्थ्यो र केही सिर्जनात्मक काम हुन्थ्यो, त्यो पनि भएन।

भयो त केवल कुरियर गर्ने काम। साहित्यकार रिजालजीको पुस्तकको कुनै अत्तोपत्तो छैन। एउटा कुरियर गर्नको लागि पूरा एक दिनको समय समाप्त।

स्कूटर बनाउने मिस्त्रीले नै भनेका छन् – भोलि फेरि आउनुपर्छ। भन्नुको तात्पर्य अधूरो बनेको छ। अझ बनाउन बाँकी छ। फेरि अर्को दिन पनि दिनभर बस्नुपर्ने हो कि? मिस्त्रीको कुनै ठेगान हुँदैन। पाँच मिनेटमा भइहाल्छ भनेकै हुन्, चार घण्टाभन्दा बढी समय लगाए।

सडकमा अँध्यारो छरिएको छ तर गाडीको हेड लाइटले काम गर्ने र छोड्ने गरिरहेको छ। यस्तैमा मौसमले पनि हतार गर् भनिरहेको छ। हतारमा गाडी चलाउने मान्छे म होइन। लाइटले जे त पर्ला भनेर अगाडि बढाइरहन्छु गाडी।

वास्तवमा भन्ने हो भने एउटा भरपर्दो कुरियर सेवा नभएको मोफसल।

मोसफलका कतिपय अदृश्य पीडा छन्। कतिपय पीडा दृश्य छन्। कतिपय पीडा त वर्णन वा अभिव्यक्त गर्नै सकिंदैन। मोफसल भएकै कारण कतिपय फसल नलागेको यथार्थ हो। र, यस पीडाबाट उन्मुक्तिको कुनै उपाय पनि त छैन। यसकारण मीठो मानी यसलाई पचाउनुपरेको छ।

□□□

## त्यसकारण शैक्षिक योग्यता अनिवार्य हुनुपर्छ

**सरोकार**



राजेश मिश्र
rajesh560107@gmail.com

**स्थानीय तहमा उम्मेदवार हुनका लागि शैक्षिक योग्यता अनिवार्य हुनुपर्छ। सदस्यमा साक्षर, वडा अध्यक्षमा कक्षा १२ र गाउँ, नगर र महानगरपालिका प्रमुखका लागि स्नातक तह उत्तीर्णका साथै कप्युटरको आधारभूत तालीम अनिवार्य हुनुपर्दछ।**

'अफिस अफिस' शीर्षकमा प्रसारित एउटा हिन्दी धारावाहिक निर्वाचनको परिप्रेक्ष्यमा सोरैआना प्रासङ्गिक छ। पात्रहरू मुसद्दीलाल, पटेल, भाटिया, शुक्ला, पाण्डेय र उषाजीको नाम धेरैलाई थाहा होला। आम नागरिकको समस्या र कर्मचारीहरूको कुनियत उदाङ्गो पार्ने प्रकृतिका थुप्रै धारावाहिकहरू छन्। सोहीमध्ये एउटा धारावाहिक निर्वाचनसँग सम्बन्धित छ। राजनीतिक दलहरूको रोजाइमा कस्ता व्यक्ति पर्छन्? राजनितिक-वृत्तमा शैक्षिक योग्यतालाई किन महत्त्वहीन ठानिन्छ? कर्मठ र असल व्यक्तिलाई किन टिकट दिंइदैन? लगायत विविध प्रसङ्गमा धारावाहिकमा व्यङ्ग गरिएको छ।

आलेखको मूल प्रसङ्ग अघि उक्त धारावाहिकको सङ्क्षिप्त अंश प्रस्तुत छ–

निर्वाचनको घोषणा भइसकेको थियो। शिक्षित, योग्य, कर्मठ र समाज परायण मुसद्दीलाललाई टिकट नपाउने कुरामा शून्य-आशङ्का थियो। जनतामा भ्रम छरेर सत्तामा पुग्नेबित्तिकै स्वार्थमा लिप्त हुने जनप्रतिनिधिहरूभन्दा आफू फरक काम गरेर देखाउने उनको धोको थियो। जनताको मर्म अनुरूप विकासको कार्यमा सरकारी बजेट सदुपयोग हुनुपर्छ भन्ने मुसद्दीलालको आकाङ्क्षा थियो। यसै कारण उनी चुनाव लड्न चाहन्थे।

एक दिन मुसद्दीलाल आफ्नो मित्रका साथ एउटा राजनीतिक दलको कार्यालय गए। पहिलो चरणमा किन आउनुभो, कसलाई भेट्नु छ? भन्दै प्रश्नहरू बौरिए। दोस्रो चरणमा उषाजीको फन्दामा परे। यस्ता कैयौं चरण पार गर्नुपर्‍यो। अन्ततः दलको विधान अनुरूप उनले आफ्नो पहिचान र पेशा आदि खुल्ने विवरण भरेर बुझाए। उनीसँग अनिवार्य शुल्कका साथै अतिरिक्त रकम माग गरियो। भोलि आउने भनेर उनी घर फर्किए।

टिकटको लागि नित्यदिन कार्यालय धाउने काम शुरू भयो। भोलि-पर्सीबाहेक अर्को जवाफ पाउँथेनन्। दलपतिसँग भेटेर आफ्नो मनको कुरा राख्नै पाउँदैन थिए। राजनीतिक छलकपटबाट अनभिज्ञ मुसद्दीलाल वाक्कदिक्क भइसकेका थिए। एकदिन उनलाई झोंक चल्यो। सबैलाई छिचोल्दै एक्कासि दलपतिको कक्षमा पसे। दलपतिको कक्षमा पसेका मुसद्दीलाल चकित भए। यस्तो लाग्थ्यो उनी आवाजविहीन भइसकेका छन्। केही बेर त उनको मुख खुलेकोखुलै रह्यो। दलपतिको आचरण कार्याकर्ताहरूभन्दा भिन्न थिएन। टिकटको लागि चोरी, अपहरण, हत्या, हिंसा र बलात्कारका आरोपित एक नामूद व्यक्ति दलपतिसँगै थियो। दलपतिको पाऊ मलिरहेको थियो। आफूभन्दा राम्रो उम्मेदवार अरू कोही नभएको कुरा बताइरहेको थियो। जुन स्थानको टिकटका लागि मुसद्दीलाल आएका थिए, सोही स्थानको लागि उक्त अपराधी प्रकृतिका नेता पहिलेदेखि दलपतिको कक्षमा उपस्थित थियो।

यद्यपि मुसद्दीलाल टिकट पाउने कुरामा पूर्ण आशावादी थिए। शिक्षित, कर्मठ, योग्य, इमानदार र सकारात्मक प्रवृत्तिका मुसद्दीलाल अन्य दाबेदारहरूभन्दा सयौं गुणा राम्रो छविका व्यक्तित्व थिए। उनले आफ्नो शैक्षिक योग्यता र समाजका लागि गरेको कार्य दलपतिलाई जानकारी गराए। त्यसपछि दलपतिको प्रश्नले मुसद्दीलाल आक्रान्त भए। के तपाईंले चोरी गर्नुभएको छ? हत्या गर्नुभएको छ? बलात्कार गर्नुभएको छ? भ्रष्टाचार गर्नुभएको छ? यी प्रश्नका उत्तर मुसद्दीलालसँग थिएन। पैसा जोसँग छ र जो बाहुबली छ उसैले चुनाव जित्छ भन्ने दलपतिको आशय थियो।

उहिले अनपढहरू किन शासन गर्न पाउँथे?

इतिहास अनुसार नेपाल ससाना राज्यहरूमा विभाजित थियो। राजाहरू आआफ्ना राज्यका सर्वोपरि थिए। राजाहरूको हुकुम अनुसार सबै काम हुन्थ्यो। उच्च पदमा राजाका भाइभरदारहरूको हालिमुहाली थियो। यसबाहेक राजा निकटका आम नागरिक मात्र राजनीतिक ओहोदामा विराजमान हुने अवसर पाउँथे। सत्तामा समेल हुनका लागि राजाको वफादार हुनु योग्यताको प्रमाणपत्र थियो। राजाको वफादार भएपछि औंठा छाप भए पनि सत्तामा पुग्न सकिन्थ्यो। यसै कारण शैक्षिक योग्यता बढी महत्त्वपूर्ण थिएन। तर कार्यालयमा बहाल हुने व्यक्तिका लागि तत्कालीन व्यवस्था अनुकूल शैक्षिक योग्यता अनिवार्य थियो। शैक्षिक मापदण्ड त केवल सत्तासीनहरूको निर्देशनमा काम गर्ने कनिष्ठ कर्मचारीहरूका लागि तोकिएको थियो। डर, त्रास र जागीर खोसिदिने धम्कीका कारण शैक्षिक योग्यता औंठाछाप सत्तासीनहरूको अधीन थियो।

अहिले पनि उहिले कै पुनरावृत्ति–

समयक्रमसँगै पटकपटक शासन व्यवस्था फेरियो। त्यससँगै शैक्षिक मापदण्ड पनि परिमार्जन हुँदै आएको छ। अहिले एसएलसी 'आइरन गेट' रहेन। अहिले कक्षा १२ सम्म माध्यमिक तह हो। उहिलेको दुई वर्षे स्नातक तह परिमार्जन भएर पछि तीन वर्षे र अहिले चार वर्षे कोर्षमा परिणत भइसकेको छ। सरकारी कार्यालयमा कार्यालय सहयोगी, अर्थात् तहविहीन पदका लागि न्यूनतम शैक्षिक योग्यता कक्षा दश पास तोकिएको छ। निर्वाचनमा उठ्ने उम्मेदवारका लागि शैक्षिक योग्यता उहिले त महत्त्वपूर्ण थिएन नै, आज पनि अवस्था फेरिएको छैन।

तहविहीन पद भए तापनि शैक्षिक योग्यता किन अपरिहार्य छ? किनभने कार्यालयको फाइल वा कागजपत्र राख्ने वा खोज्ने काम निरक्षरबाट सम्भव हुँदैन। अब प्रश्न के उठ्छ भने पदविहीनदेखि माथिल्लो विविध तहसम्मका कर्मचारीहरूलाई चलाउने जनप्रतिनिधिहरूलाई शैक्षिक योग्यता किन अनिवार्य छैन? किनभने राजनीतिकवृत्तमा योग्य होइन, भीड बढी चाहिन्छ। अर्को कुरा भीडमा पनि रवाफ भएका व्यक्ति बढी रुचाइन्छन्। राजनीतिकवृत्तमा ठूला माछालाई तानियो भने ससाना माछाहरू स्वतः जालमा फस्छन् भन्ने मनोविज्ञान स्थापित छ। उसैलाई बढी महत्व दिइन्छ, जोसँग पैसा र शक्ति छ। निर्वाचनमा बढीभन्दा बढी मत दिलाउन सक्षम छ। देशको बागडोर राजनीतिकवृत्तमा निहित छ। भोजपुरी कहावत 'दही के राखवार बिलाइ' अर्थात् 'दहीको रक्षक बिरालो' भनेझैं नियम बनाउने वा नियम मास्ने शक्ति राजनीतिकवृत्तमा केन्द्रित छ। त्यस कारण स्वार्थपरक क्रियाकलाप बढी छ।

राजनीतिकवृत्तमा योग्यता निर्धारण गर्ने मापदण्ड विचित्र छ। रौतहटको ईंटाभट्टाकाण्ड, काठमाडौंका गुण्डा नाइकेहरूको लीला तथा लापरवाह ठेकेदारजस्ताले राजनीतिक दलहरूमा ठाउँ पाउँथेनन्। राजनीतिकवृत्तमा अकर्मण्य पात्रहरू प्रशस्त छन्। कपटी छलछद्म गर्ने पात्रहरूको बढी हालिमुहाली पाइन्छ। दलपतिहरू जसरी पनि दलपति बनिरहने मनोविज्ञानले ग्रसित छन्। त्यस कारण राजनीतिकवृत्तमा शैक्षिक योग्यताको कदर अपवादबाहेक छैन।

यस्तो पनि होइन कि राजनीतिक वृत्तमा योग्य, सक्षम र समाजपरायण पात्र छैनन्। तर न्यून सङ्ख्यामा रहेका त्यस्ता पात्रहरूलाई खासै महत्त्व दिइँदैन। राजनीतिकवृत्तमा शोषण, अन्याय र अत्याचार छैन भन्ने होइन। अहिले निर्वाचन नजीकिंदै जाँदा प्रत्येक दिन दल परिर्वनका समाचारहरू आइरहेका छन्। यसको प्रमुख दुई कारण छ-पहिलो, स्वार्थपूर्ति नभएको, दोस्रो योग्यताको आधारमा महत्त्वपूर्ण स्थान नपाउने हुँदा।

एकल शासन व्यवस्था निजी खेतजस्तै थियो, जहाँ मालिक आफूखुशी बाली लगाउने हैसियत राख्थे। गणतन्त्र बहुआयामिक शासन व्यवस्था हो, कसैको निजी पेवा होइन। सत्तामा जो भए पनि समाज अनुकूल काम गर्ने नियत हुनुपर्छ। उपरोक्त धारावाहिकको कथाले राजनीतिकवृत्तको चरित्र चित्रण गरेको छ। सामाजिक घटनाक्रमलाई कथा, फिल्म, गीत, लेख वा स्तम्भमार्फत चित्रण गर्नुको मूल उद्देश्य समाजलाई सकारात्मक दिशातर्फ उन्मुख गराउने चेष्टा हो। प्रचलित लोकोक्ति 'भैंस के आगे बिन बजाई, भैंस बैठी पगुराई' जस्तै हुने हो भने परिवर्तनको आकाङ्क्षा फलीभूत हुनेछैन।

गत निर्वाचनमा शैक्षिक योग्यता लगायत गुणले भरिपूर्ण जनप्रतिनिधिहरू निर्वाचित भएनन् भन्ने होइन। तर बाघको आक्रमणमा परी घाइते भएको स्याल जस्तै उनीहरूको अवस्था छ।

### निष्कर्ष

यदि राजनीतिक दलहरू इमानदार छन् भने आफ्नो विधानमा स्थानीय तहदेखि जिल्ला, प्रदेश र केन्द्रसम्म पद अनुसार शैक्षिक योग्यता अनिवार्य गर्नुपर्दछ। अहिले समय फेरिएको छ शैक्षिक योग्यता भएका नागरिकको कमी छैन। पुरानो पुस्तालाई विस्थापित गरेर नयाँ पुस्ता ल्याउनुपर्छ भन्ने होइन। शैक्षिक योग्यताको महत्त्व राजनीतिकवृत्तमा स्थापित गर्न सक्नुपर्छ भन्ने हो। किनभने स्थानीय सरकार सञ्चालन ऐन पढ्न र बुझ्न नसक्ने जनप्रतिनिधिहरूका लागि 'करिया अक्षर भैंस बराबर' भन्दा बढी होइन। अयोग्यहरूले ऐनको धारा र उपधारा न पढ्न सक्छन्, न बुझ्न सक्छन्, तसर्थ लागू पनि गर्न सक्दैनन्। अरूले झुक्याउन सक्छ। अरूमा निर्भर भएपछि मतदाताहरूको भलो हुने कार्य कदापि


(बाँकी चौथो पातामा)

# द्रोण पर्व–७२


महाभारतबाट सङ्कलन तथा अनुवाद
उमाशङ्कर द्विवेदी

धर्मको मर्म न जानेर कसैले पनि अर्काको निन्दा गर्नुहुँदैन। मैले तपाईंको सशस्त्रभुजा काटेर कुनै अधर्म गरेको होइन। बालक अभिमन्युको हातमा न कुनै हतियार थियो तथा कवच र रथ पनि नष्ट भइसकेको थियो र पनि तपाईंहरू मिलेर उसलाई मारिदिनुभयो। यस कुकर्मलाई कुन धर्मात्मा पुरुषले राम्रो भन्नेछ ? अर्जुनको यस्तो कुरा सुनेर भूरिश्रवा त्यही निहुरमुन्टो लगाएर बसिरहे।

अनि अर्जुनले भने–मेरो जति प्रेम



धर्मराज, महाबली भीमसेन र नकुल–सहदेवप्रति छ त्यति नै तपाईंप्रति पनि छ। म र श्रीकृष्ण तपाईंलाइ आज्ञा दिँदैछौं कि तपाइ उशीनरका पुत्र शिबिको समान पुण्यलोक प्राप्त गर्नुहोस्।

श्रीकृष्णाले भने–राजन्, तपाई निरन्तर अग्निहोत्र गर्ने मनस्वी हो। जुन लोक सर्वदा प्रकाशमान छ तथा ब्रह्मादि देवगण पनि जसका लागि लालायित रहन्छन्, त्यसमा तपाई मेरै वाहन गरुडमाथि सवार भएर जानुहोस्।

यसै बेला सात्यकि उठेर निर्दोष भूरिश्रवाको सिर काट्न तरबार उचाले। उनलाई श्रीकृष्ण, अर्जुन, भीमसेन, युधामन्यु, उत्तमौजा, अश्वत्थामा, कृपाचार्य, कर्ण, वृषसेन र जयद्रथ–जम्मैले रोके तर सबैले कराइरहँदा पनि उनले अनशन–व्रतधारी भूरिश्रवाको मस्तक छिनालिदिए। फेरि उनले आफ्नो निन्दा गर्ने कौरवहरूलाई हकार्दै भने–हरे, धर्मिष्ठताको गुणगान गाउने पापीहरू हो, तिमीहरूले धर्मको नाममा मैले भूरिश्रवालाइ मार्नुहुँदैन भनिरहेका छौ तर जुन बेला तिमीहरूले सुभद्राको पुत्र शस्त्रहीन बालक अभिमन्युको हत्या गरेका थियौ त्यति बेला गोहीको आँसु चुहाउने तिमीहरूको धर्म कता गएको थियो ? मेरो त यो प्रतिज्ञा थियो कि यदि कुनै पुरुषले युद्धमा मेरो तिरस्कार गरेर भुइँमा घिसार्दै जीवित अवस्थामैं लात्ती हान्नेछ उ फेरि मुनिव्रत धारण गरेर किन न बसोस्, उसलाई म अवश्य मार्नेछु।

राजन्, सात्यकिले यस्तो भनेपछि फेरि कौरवहरूमध्ये कसैले पनि केही बोलेन तर मुनिझैं वनवासी यशस्वी भूरिश्रवाको यस प्रकारले वध गर्नु कसैलाई पनि मन परेन। भूरिश्रवाले आफ्नो जीवनममा सहस्रौ दान गरेका थिए र उनको कैयनपल्ट मन्त्रपूत जलले अभिषेक भएको थियो। अतः उनी देह–त्याग गरेर आफ्नो पुण्यको तेजले उद्दिप्त भएर सम्पूर्ण पृथ्वी र आकाशलाई आलोकित गर्दै उर्ध्वलोक गए।

राजा धृतराष्ट्रले सोधे–सञ्जय, भूरिश्रवा मारिएपछि कुन प्रकारले युद्ध भयो, त्यो मलाइ सुनाऊ।

सञ्जयले भने–महाराज, भूरिश्रवाको परलोक प्रस्थानपश्चात् महाबाहु अर्जुनले श्रीकृष्णसित भने–माधव, अब जहाँ राजा जयद्रथ छन् उतै घोडा हाँक्नुहोस्। आज जयद्रथको सामु तीनवटा गति छन्–यदि उनी युद्धभूमिमा युद्ध गर्दागर्दै मर्छन् भने तत्काल स्वर्ग प्राप्त गर्नेछन्, यदि युद्ध गर्ने बेला पिठ्यूँ देखाएर भाग्दाभाग्दै मेरो वाणको शिकार भए भने नर्कमा जाकिने छन् र यदि युद्धभूमिबाट भागे भने अपयशको भागी हुनेछन्। अब सूर्य भगवान अस्ताचलतर्फ ओर्लिंदै थिए। त्यसैले तपाईंले मेरो प्रतिज्ञा सफल पार्ने प्रयत्न गर्नुपर्ने हुन्छ। तपाईं घोडाहरूलाई यति त्वरित गतिमा हाक्नुहोस् कि सूर्य अस्त हुनुअगावै मेरो प्रतिज्ञा पूर्ण होओस् र म जयद्रथलाई मार्न सकूँ।

अनि अश्वविद्यामा कुशल भगवान् श्रीकृष्णाले घोडाहरूलाई जयद्रथको रथतिर हाँके। अर्जुनलाई जयद्रथको वध गर्ने उद्देश्यले अगि बढिरहेको देखेर राजा दुर्योधनले कर्णसित भने–वीरवर, अब दिन अलिक बेरको मात्रै छ। आज आफ्नो वाणबाट शत्रुमाथि प्रहार गर्नुहोस्। कुनै पनि प्रकार आजको दिन बितेपछि निश्चित नै हाम्रो विजय हुनेछ, किनकि सूर्यास्तसम्म जयद्रथको रक्षा भएपछि अर्जुनको प्रतिज्ञा झूटो हुनेछ र उनी स्वयं अग्नि प्रवेश गर्नेछन्। अनि अर्जुन नरहँदा उनका भाइ तथा अनुयायीहरू एक मुहूत पनि बाँच्न सक्ने होइनन्। यस प्रकार हामीले निष्कण्टक भएर राज्य भोग्नेछौं। अतः तपाईं अश्वत्थामा, कृपाचार्य, शल्य तथा मलाई र अर्का योद्धाहरूलाई साथमा लिइ अर्जुनसँग पूर्ण शक्तिका साथ युद्ध गरौं।

दुर्योधनको कुरा सुनेर कर्णले भने–प्रचण्ड प्रहार गर्ने, महान् धनुर्धर, वीरवर भीमसेनले आफ्नो वाणबाट मेरो शरीर धेरै जर्जरित गरिदिएका छन् र पनि ‘युद्धमा डटि रहनुपर्दछ’ भन्ने नियमको कारणले नै म यहाँ उभिएको छु। भीमको विशाल वाणबाट व्यथित हुनाको कारण मेरो शरीरमा हिंडडुल गर्न सक्नेसम्मको शक्ति छैन, तथापि अर्जुन जयद्रथलाई मार्न न सकून्–यसै उद्देश्यले म यथाशक्ति युद्ध गर्नेछु, किनकि मेरो जीवन त तपाइकै लागि छ। क्रमशः..।

लघुकथा

## लथालिङ्ग

- समीर पाखिन

उद्दण्ड स्वभावकी सीमाले घर होचो भयो तला थप्ने जिद गरी। अरू सरह हिंडडुल गर्न स्कूटी चाहियो भनी। मोबाइल पुरानो भयो आइफोन चाहियो भनी। कतै न कतै घुम्न हिंडिरहनुपर्ने सीमाले विगत केही समयदेखि यस्तै–यस्तै माग अघि सारेर मनोजलाई हैरान पार्दै आइरहेकी थिई।

फलस्वरूप लकडाउनको कारण टाट पल्टेको ट्राभल एजेन्सी बेचेर मनोज वैदेशिक रोजगारमा युक्रेन पुग्यो।

शुरूका दिनमा काम राम्रै थियो तर त्यहाँ पनि उसलाई दुर्भाग्यले घोक्रेठ्याक लगाउन छोडेन। रूस–युक्रेन युद्धको चपेटामा परेका नेपालीहरूसमेत रातभर हिंडेर पोल्यान्डको सिमानामा शरण लिन पुगेको दर्दनाक सन्देश फेसबूक लाइभ मार्फत एकजना नेपाली शरणार्थीबाट सुनेपछि सीमा विचलित भई। मनोजसित बसेर आफ्नो इच्छा, चाहना पूरा हुन नसक्ने देखेपछि उसले विकल्प खोज्दै कसैलाई फोन लगाई।

हेलो, चिन्नु भएन ? म तपाईंकी सीमा।

ए सीमा तिमी ? अँ भन न के छ हालखबर ? खै, आजभोलि त भेटघाट गर्न पनि छोड्यौ। पुरुष बोलेको आवाज सुनियो।

अब भेट हुन्छ। बरु हजुरको विचार के छ ? पछि धोका त हुँदैन नि ? सीमाले आशङ्का व्यक्त गरी।

तिमीलाई ममाथि विश्वास छैन ? छैन भने ल भै गो, फोन राख। पुरुष च्याँठियो।

हैन, हैन। भन्नोस् म कहाँ आऊ ? सीमा अन्तिम निर्णयमा पुगी।

तिमीलाई म पृथ्वीचोकमा पर्खेर बसेको हुनेछु। साँझसम्म आइपुग। ल राखें। फोन काटियो।

सीमा हतार–हतार आफ्नो आवश्यक सामान प्याक गरिरहेकै बेला ढोकामा दुईजना प्रहरी देखा परे। सीमा प्रहरी देखेर अन्योलमा परी।

सीमा बस्नेतको घर यही हो ? प्रहरीले सोध्यो।

हो हजुर। मेरै नाम हो सीमा।

त्यसो भए तपाई हामीसँग हिंड्नुपर्‍यो। तपाईंको सीके दर्शन नामको सुन तस्करसित सम्बन्ध रहेको फोन कल रेकर्डमा देखिएको हुँदा सोधपुछको लागि लिन आएको।

सीमा नर्भस भई, बोल्न सकिन र सबैकुरा लथालिङ्ग छाडेर प्रहरीको पछिपछि लागी।

## पेलु रिक्शावालाले कति लिन्छन् पारिश्रमिक ?

कमेडी टिभी सिरियल भाभी जी घर पर है धेरै दर्शकहरूले रुचाएका छन्। यस सिरियलमा एक से बढकर एक भूमिकामा कलाकारहरू छन्। मनमोहन तिवारी बनेका रोहिताश गौर, अङ्गुरी भाभी बनेकी शुभाङ्गी अत्रे र विभूतिनारायण मिश्रा बनेका आसिफ शेख, इन्स्पेक्टर हप्पु सिंह, टीका मलखान, सक्सेनाजी र अम्माजी पनि छन्। यस चलचित्रमा लिड कलाकारको साथै यस्ता कलाकारहरू पनि छन् जसले दर्शकलाई निकै मनोरञ्जन दिन्छन्, त्यसैमध्ये एक हो पेलु रिक्शावाला, जसलाई कलाकार अक्षय पाटिल खेल्दैछन्।

पेलु रिक्शावाला सिरियलमा सदैव चुप बस्छन्, केही बोल्दैनन्, रिक्शा चलाइरहेका देखिन्छन्।

जब पनि पेलु रिक्शावालासँग कोही



कुरा गर्न चाहन्छ ऊ आफ्नो कानको पछाडि वा शर्टको खल्तीबाट एउटा पर्चा निकालेर दिन्छ, जसमा त्यो लेखिएको हुन्छ जुन कुरा उसले भन्न चाहन्छ। यस क्रममा पेलुको मुस्कान देखेर हाँसो रोक्न सकिंदैन। मिडिया रिपोर्ट अनुसार पेलुले नबोलिकन यस्तो उत्कृष्ट भूमिका गरेबापत प्रति एपिसोडको भारु १५ देखि २० हजारसम्म लिने गर्छन्।

### मुक्तक

- वैद्यनाथ ठाकुर

क्यालेन्डरमा फेरियो साल
झुपडीको अझै फेरिएन हाल
झूटको खेती सधैं फलिफाप
भ्रष्ट राजनीति, उस्तै छ चाल !


फटाहालाई नदेऊ भोट
रक्सी खान नलेऊ नोट
व्यवस्था बदलिएको छ
जीवनभर किन लिने चोट !

# पराबैजनी विकिरण

मंचिता अर्याल भट्टराई

पृष्ठभूमि

सूर्यको किरणमा मानिसले ठम्याउन सक्ने सात विभिन्न रङ्गका किरणबाहेक केही अदृश्य किरणहरू पनि हुन्छन्। त्यसमध्ये एक हो पराबैजनी विकिरण (Ultraviolet radiation)। सामान्यतया पराबैजनी विकिरण २०० देखि ४००




नानोमिटर तरङ्ग लम्बाइभित्र पर्दछ। तरङ्ग लम्बाइको आधारमा पराबैजनी विकिरणलाई UVC, UVB र UVA गरी तीन भागमा वर्गीकृत गरिन्छ। पराबैजनी विकिरण, पृथ्वीमा पर्ने सूर्यको किरणहरूमध्ये सबैभन्दा छोटो तरङ्ग लम्बाइको किरण भएकोले विभिन्न जैविक तथा रासायनिक प्रतिक्रियाहरूका लागि जिम्मेवार रहन्छ। लाभभन्दा यसको हानिकारक प्रभाव बढी हुने भएकोले वैज्ञानिक समुदायका लागि पराबैजनी विकिरण सधैं चर्चाको विषय बन्ने गर्दछ। विश्वमा सर्वप्रथम सन् १८०१ मा जर्मन भौतिकशास्त्री Johann Wilhelm Ritter ले पत्ता लगाएको पराबैजनी विकिरणको मात्रा मानव जातिका लागि लाभदायक पनि छ।

हाम्रो शरीरले भिटामिन ‘डी’ उत्पादन गर्नका लागि कम मात्राको पराबैजनी (UVB) विकिरणले मदत गर्दछ। बिहानको समय घाममा बस्नु स्वास्थ्यका दृष्टिकोणाबाट उत्तम मानिन्छ। सामान्य शारीरिक दृष्टिको वृद्धि तथा कार्यको लागि भिटामिन ‘डी’ जन्तु, जनावरलाई मात्र नभई वनस्पतिलाई समेत आवश्यक हुन्छ। भिटामिन ‘डी’ दुई प्रकारको हुन्छ। ‘डी–२’ र ‘डी–३’। मानिसलगायत अन्य जन्तु जनावरको छालामा 7-dehydro cholesterol भन्ने रासायनिक पदार्थलाई सूर्यको प्रकाशमा रहेको पराबैजनी विकिरणले क्रियाशील पार्दा यो भिटामिन ‘D-3’ बन्दछ। त्यसैगरी वनस्पतिहरूमा रहेको Ergosterol नामक रासायनिक पदार्थ पराबैजनी विकिरणबाट क्रियाशील भै भिटामिन ‘D-2’ बन्दछ। खाद्यान्नको रूपमा भिटामिन ‘डी’ को स्रोत साह्रै नगण्य रहेकोले हामी घामबाट अर्थात् सूर्यको किरणबाट भिटामिन ‘डी’ आपूर्ति गर्न सक्दछौं। हामीमध्ये कतिपयलाई सूर्यको किरणमा नै भिटामिन डी हुन्छ भन्ने भ्रम रहेको छ। यो कदापि होइन। सूर्यको प्रकाशमा रहेको पराबैजनी विकिरणले हाम्रो शरीरलाई भिटामिन डी प्राप्त गर्न मदत गर्ने मात्र हो।

**पराबैजनी विकिरणका असरहरू**

पराबैजनी विकिरणबाट थोरै लाभ हुने भएपनि यसले धेरै मात्रामा हानि गर्दछ। लामो समयसम्म UV विकिरणको सम्पर्कमा आएमा यसले मुख्यतया छाला, आँखा तथा हाम्रो प्रतिरक्षा प्रणालीमा नकारात्मक असर पार्दछ। ओजोन तहको विनाशसँगसँगै पृथ्वीमा पर्ने पराबैजनी विकिरणको मात्रा पनि बढ्दै जानेछ र आउँदा दिनहरूमा यसका कारण देखिने असरहरूसमेत बढ्ने निश्चित छ। पराबैजनी विकिरणको तुरुन्तै देखिने असरमध्ये छाला घामले डढ्ने तथा कालो हुन्छ भने यसको दीर्घकालीन असरमा मुख्यतया छालाको क्यान्सर तथा मोतिबिन्दु पर्दछ। विश्वभरि लाखौं मानिस छालाको क्यान्सरबाट पीडित हुने गरेका छन् भने विश्व स्वास्थ्य संगठन WHO का अनुसार मोतिबिन्दु (cataract) बाट अन्धोपनको शिकार हुने कुल जनसङ्ख्या मध्ये करीब २० प्रतिशत पराबैजनी विकिरणका कारण हुने गरेको पाइन्छ। यस्तो समस्या प्रायःजसो नेपाल, भारत, पाकिस्तानजस्ता देशहरूमा बढी देखिने गरेको छ। अनुसन्धानहरूले देखाए अनुसार पराबैजनी विकिरणले शरीरको रोग प्रतिरोधात्मक क्षमता पनि बिस्तारै घटाउँछ, जसले गर्दा लामो समयको अन्तरालमा मानिसलाई छालाको ट्यूमर तथा क्यान्सर समेत लाग्न सक्दछ।

मानव जातिबाहेक UV radiation ले अन्य जीव तथा वनस्पतिहरूमा समेत नकारात्मक असर पार्दछ। वनस्पतिमा गरिएको अध्ययन अनुसार पराबैजनी विकिरणले संवेदनशील बिरूवाहरूमा पात र डाँठको विकासमा कमी, बिरुवाको प्रकाश संश्लेषण क्रियामा कमीजस्ता समस्या देखा पर्दछ। यसरी UV विकिरणले सम्पूर्ण पारिस्थितिकीय प्रणालीलाई नै असर पार्न सक्दछ। UV radiation को असर प्रायःजसो दिउँसो मध्याह्नमा बढी पर्ने देखिन्छ। त्यसैगरी बढी उचाइ (higher altitude) भएको स्थानमा UV radiation को असर तुलनात्मकरूपमा बढी पर्दछ।

**पराबैजनी विकिरणबाट बच्ने उपाय**

पराबैजनी विकिरणका हानिकारक असरबाट बच्न चर्को घाम लागेको बेला घर बाहिर निस्कँदा घाम छेक्ने चश्मा (sunglasses) प्रयोग गर्ने, घाम छेक्ने किसिमको टोपी प्रयोग गर्ने, छाता प्रयोग गर्ने, हातखुट्टालगायत घाम सोझै पर्ने छालामा sunscreen प्रयोग गर्दा पराबैजनी विकिरणका हानिकारक असरबाट धेरै हदसम्म बच्न सकिन्छ। बालबालिकाहरूको छाला बढी संवेदनशील हुने भएकोले चर्को घामबाट उनीहरूलाई जोगाउनु जरूरी हुन्छ। भर्खर जन्मेका देखि एक वर्ष मुनिका बालबालिकालाई चर्को घाममा सोझै घाम पर्नेगरी नराख्न विशेषज्ञहरू सल्लाह दिन्छन्।

–लेखक नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट) की वैज्ञानिक अधिकृत हुन्। साभारः विज्ञान लेखमाला

# खेतीको कारण मान्छेको कद घट्यो



आजभन्दा हजारौं वर्ष पहिले मान्छेको औसत लम्बाइ आजको तुलनामा बढी थियो। यस प्रश्नको जवाफ खोज्न वैज्ञानिकहरूको समूहले अनुसन्धान गरेका थिए। अनुसन्धान अनुसार आजभन्दा १२ हजार वर्ष पहिलेका मान्छेको उचाइ वर्तमानको तुलनामा बढी थियो। यसको कारण हाम्रा पूर्वजहरूले खेती नगर्नु नै थियो।

डेलीमेलको रिपोर्ट अनुसार अनुसन्धानकर्ताले जब युरोपमा १६७ प्राचीन मान्छेको कङ्कालको डिएनए विश्लेषण गर्दा खेतीको कारण मान्छेको लम्बाइ १.५ इन्च कम भएको पत्ता लगाए। युरोपमा १२ हजार वर्ष पहिले खेतीको शुरूआत भएको थियो।

**खेतीबाट लम्बाइमा फरकः**

विशेषज्ञका अनुसार खेतीभन्दा पहिले मान्छे शिकार आदि गरेर जीवनयापन गर्दथे। जब उनीहरूले आफ्नो जीवनशैली खेतीपातीतर्फ लगाए तब उनीहरूको लम्बाइमा अन्तर हुन थाल्यो। विशेषज्ञका अनुसार कम कद खराब स्वास्थ्यको प्रतीक हो र समयमा मान्छेको उचित विकासको लागि पर्याप्त पोषण नपाएपछि कद घट्छ।

यस नयाँ अनुसन्धानको नेतृत्व पेन्सिलभेनियाको स्टेट कलेजमा पेन स्टेट युनिभर्सिटीका मानव विज्ञान विभागका सहायक प्राध्यापक स्टेफनी मार्सिनियाले गरेकी थिइन। उनको भनाइ छ प्राचीन मान्छेको हाड मापनको साथ जेनेटिक योगदान पनि सामेल थियो। कृषि जीवनशैलीमा परिवर्तन पूरै युरोपमा एकैसाथ भएन, बरु अलग–अलग स्थानमा अलग–अलग समयमा भएको थियो। इनसाइक्लोपिडिया ब्रिटानिका अनुसार ग्रीसमा खेतीबाट मान्छेको लम्बाइमा प्रभाव पर्नु लगभग ९ हजार वर्ष पहिले शुरू भएको थियो। त्यस्तै ब्रिटेनमा पनि अघिल्लो दुई हजार वर्षसम्म मान्छे प्रभावित भएको थिएन।

अनुसन्धानमा १६७ वटा कङ्कालको अध्ययन गरिएको थियो, ती सबै युरोप वरपर पाइएको थियो। यसमध्ये ६७ महिला र सयजना पुरुष थिए। सबै ३८ देखि २–४ सय वर्ष पहिले जीवित थिए। यी कङ्काल ब्रिटेन, जर्मनी, हङ्गेरी, स्पेन, रोमानिया, पोल्यान्ड, लिथुआनिया, चेक गणराज्य, लात्भिया, क्रोएशिया, इटाली, फ्रान्स, आयरल्यान्ड, स्कटल्यान्ड, बुल्गेरिया र निदरल्यान्डमा पाइएको थियो।

शोधकर्ताहरूले कङ्कालको अवशेषको लामो हाड प्रयोग गरेका थिए। यसबाट मनुष्यको लम्बाइको सटीक अनुमान लगाउन मदत पाइएको थियो। ७१ सयदेखि ३५ सय वर्ष पहिले पूरै युरोपमा खेतीको कारण शरीरमा परिवर्तन आउन शुरू भएको पत्तो लागेको थियो। उनीहरूले पहिले मान्छेको लम्बाइमा ०.८७ इन्च फरक परेको पाए, पछि औसत लम्बाइ डेढ इन्च कम भएको थियो।

अनुसन्धान अनुसार मान्छेको लम्बाइ ८० प्रतिशत आनुवंशिक हुन्छ, र पर्यावरणको कारण यसमा २० प्रतिशत फरक पर्छ। यद्यपि प्राध्यापक स्टेफनीको भनाइ छ हामीले १६७ कङ्कालमा शोध गर्‍यौं, भविष्यमा बढी कङ्कालको अवशेष शोध गर्नु आवश्यक छ।

–एजेन्सीको सहयोगमा

## त्यसकारण...........

सम्भव छैन। त्यस कारण उम्मेदवार हुनका लागि शैक्षिक योग्यता अनिवार्य हुनुपर्छ। सदस्यमा साक्षर, वडा अध्यक्षमा कक्षा १२ र गाउँ, नगर र महानगरपालिका प्रमुखका लागि स्नातक तह उत्तीर्णका साथै कप्युटरको आधारभूत तालीम अनिवार्य हुनुपर्दछ।

## अन्तर्राष्ट्रिय समाचार

# फिनल्यान्ड र स्वीडेनलाई नेटोमा सामेल नहुन रूसको चेतावनी

मस्को, २ वैशाख/एएनआई

रूसले बिहीवार स्वीडेन र फिनल्यान्डलाई नेटोमा सामेल नहुन चेतावनी दिएको छ। साथै रूसले आफ्नो पश्चिमी भागमा 'दोब्बरभन्दा बढी' सेना थप्ने पनि बताएको छ।



नाटो विस्तारले युरोपको स्थायित्वलाई जोखिममा पार्ने रूसी प्रवक्ता दमित्री पेस्कोभको चेनावनी। फोटो : एजेन्सी

रूसको सुरक्षा परिषद्का उप-अध्यक्ष दिमित्री मेदवेदेवले चेतावनी दिँदै बिहीवार टेलिग्राममा स्थल र वायु रक्षा बलहरू बलियो बनाइने कुरा उल्लेख गरेको सिएनएन न्यूजले जनाएको छ। रूसी राष्ट्रपति भ्लादिमिर पुटिनको दुई दशकको शासनकालमा सन् २००८ देखि २०१२ सम्म रूसको राष्ट्रपतिको रूपमा सेवा गरेका मेदवेदेव हालका महीनाहरूमा आक्रामक भएका छन्। यद्यपि उनी शीर्ष निर्णयकर्ता भने होइनन्।

यसबाहेक सन् २०१८ को अमेरिकी वैज्ञानिकहरूको प्रतिवेदनले के निष्कर्ष निकालेको छ भने रूसले पोल्यान्ड र बाल्टिक राज्यहरूबीचको रूसी क्षेत्रको एक एक्सक्लेभ कालिनिनग्रादमा परमाणु हतियार भण्डारण बंकरलाई महत्त्वपूर्ण रूपमा आधुनिकीकरण गरेको हुन सक्छ।

बिहीवार युक्रेनमा रूसी आक्रमण भएको ५० दिन पूरा भएको छ र मस्कोको दृष्टिमा उल्लेखनीय परिवर्तन भएको छ। युक्रेनी अधिकारीहरूले पूर्वी डोन्बास क्षेत्रमा रूसी सेनाले ठूलो आक्रमणको अपेक्षा गरेको केही दिनदेखि चेतावनी दिएका छन्।

### अमेरिकी राष्ट्रपति बाइडेनले युक्रेन भ्रमण नगर्ने : ह्वाइट हाउस

अमेरिका/एएनआई/स्पुतनिक

अमेरिकी राष्ट्रपति जो बाइडेनले युक्रेन भ्रमण नगर्ने ह्वाइट हाउसका प्रेस सचिव जेन साकीले बताएका छन्।

बुधवार अमेरिकी सञ्चारमाध्यमले जनाए अनुसार राष्ट्रपति बाइडेन प्रशासनले भोलोडिमिर जेलेन्स्कीसँग भेट्न एक उच्चस्तरीय अधिकारीलाई कीभ पठाउने विचार गरिरहेको छ। उक्त उच्चस्तरीय टोलीमा उपराष्ट्रपति कमला ह्यारिस, विदेशमन्त्री एन्टोनी ब्लिन्केन वा रक्षामन्त्री लोयड अस्टिन सहभागी हुन सक्ने बताइएको छ। "होइन, हामी राष्ट्रपतिलाई युक्रेन पठाउँदैनौं"– साकीले सो कुरा बताएको पोलिटिको ह्वाइट हाउस संवाददाता यूजीन डेनियलले उद्धृत गर्दै उल्लेख गरेका छन्।

थुप्रै विदेशी नेता र उच्च अधिकारीहरूले हालै युक्रेन भ्रमण गरिरहेका छन् र रूसी सैन्य कारबाई विरुद्ध युक्रेनको पक्षमा समर्थन व्यक्त गरेका छन्। रासस



**सेकुवाको मजा**: वीरगंज र हेटौंडाबीच पर्ने तीन नम्बर पुलमा पिकनिक खेल्न पुगेका आन्तरिक पर्यटकहरु सेकुवाको मज्जा लिंदै। तीन नम्बर पुलमा कुखुराको सेकुवा निकै प्रसिद्ध छ। तस्वीर: पङ्कज श्रेष्ठ

# विश्व बैंक र युएसएआइडीबाट एक खर्ब सहयोग प्राप्त हुने

काठमाडौं, २ वैशाख/रासस

वैदेशिक मुद्राको सञ्चितिमा दबाब परेका बेला एकैपटक करीब रु एक खर्ब बराबरको अन्तर्राष्ट्रिय सहायता प्राप्त हुने भएको छ। विश्व बैंक समूहको अन्तर्राष्ट्रिय विकास संस्थाबाट रु १८ अर्ब सहुलियतपूर्ण ऋण र संयुक्त राज्य अमेरिकाको अन्तर्राष्ट्रिय विकासका लागि सहयोग निकाय (युएसएआइडी) बाट रु ७९ अर्ब ७१ करोड अनुदान सहायता प्राप्त हुन लागेको हो।

मन्त्रिपरिषद्को गत चैत ३० गते बसेको बैठकले उक्त सहयोग स्वीकार गर्ने निर्णय भएसँगै मुलुकको अर्थतन्त्रमा केही सहजता हुने भएको छ। बैठकको निणर्यबारे जानकारी दिँदै सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले फुकोट कर्णाली अर्धजलाशययुक्त जलविद्युत् आयोजनाका लागि कालीकोट जिल्लाको सान्नीत्रिवेणी गाउँपालिकाको करीब २८० रोपनी जग्गा प्राप्तिका निम्ति पहल गर्ने निर्णय गरिएको जानकारी दिए।

उनले भने– "सशस्त्र प्रहरी बल, नेपालको सशस्त्र प्रहरी महानिरीक्षकमा सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक पुष्पराम केसीलाई बढुवा गर्ने, मायादेवी गाउँपालिकामा आधारभूत अस्पताल निर्माण गर्ने र उक्त गाउँपालिकाको प्रशासकीय भवन निर्माणलगायत कार्यका लागि सार्वजनिक जग्गा प्रयोग गर्न स्वीकृति दिने निर्णय गरिएको छ।"

बैठकले सिरहास्थित कर्जन्हा नगरपालिकाको प्रशासकीय भवन निर्माणका लागि सार्वजनिक जग्गा प्रयोग गर्न स्वीकृति दिने र राष्ट्रिय आवास कम्पनी लिमिटेडको अध्यक्ष रामाधार कापरको राजीनामा स्वीकृत गर्ने निर्णय गरेको पनि बताइको छ।

# संयुक्त राष्ट्रसङ्घले यमनमा शान्ति स्थापनाका लागि सघाउने

संयुक्त राष्ट्रसङ्घ २ वैशाख/सिन्ह्वा

संयुक्त राष्ट्रसङ्घले यमनमा शान्ति प्रक्रियाका लागि सहयोग गर्ने भएको छ। यहाँका राजनीतिक दलहरूको सहभागितामा हालै एक परिषद् गठन गरिएको र सोही काउन्सिलमार्फत यो सहयोग गर्ने भएको हो।



यमन। तस्वीर: युएनडिपी

यमनमा संयुक्त राष्ट्रसङ्घको सहयोग र समन्वयमा प्रेडिसेन्सियल लिडरसिप काउन्सिल (पिएलसी) गठन गरिएको र सो परिषदमार्फत शान्ति प्रक्रियाका लागि पहल गरिने भएको हो।

यसैबीच यमनका राष्ट्रपतिले यमनमा गठन भएको प्रेडिसेन्सियल लिडरसिप काउन्सिल (पिएलसी) लाई आफ्नो शक्ति हस्तान्तरण गरेका छन्। उनले गरेका सो शक्ति हस्तान्तरण प्रक्रियाको संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्ले पनि स्वागत गरेको छ।

विभिन्न सञ्चारमाध्यमहरूले यमनका राष्ट्रपतिले पिएलसीलाई शक्ति हस्तान्तरण गरेकोमा सुरक्षा परिषद्ले स्वागत गरेको बताएका छन्। सो परिषद्ले बुधवार शक्ति हस्तान्तरणको स्वागत गरेको समाचारमा जनाइएको छ। यमनमा गहिरिँदै गएको राजनीतिक सङ्कट समाधानका लागि यहाँ संयुक्त राष्ट्रसङ्घको समन्वयमा उक्त पिएलसी गठन गरिएको छ।

सोही परिषदमार्फत यमनमा शान्ति स्थापनाका लागि संयुक्त राष्ट्रसङ्घले पनि पहल गर्ने जनाएको हो। पिएलसीले यहाँका राजनीतिक दलहरूको सहभागिता र समन्वयमा राजनीतिक सङ्कट समाधानका लागि काम गर्नेछ। यहाँ निर्वाचन गर्नका लागि पनि यही संरचनाले भूमिका खेल्ने बताइएको छ।

संयुक्त राष्ट्रसङ्घले पिएलसीमा यमनका सबै राजनीतिक शक्तिहरूलाई समेटेर यहाँको समस्या समाधान गर्ने र उनीहरूकै सहमति र समन्वयमा काम गर्ने बताइएको छ। यहाँ केही वर्ष यतादेखि राजनीतिक सङ्कट बढ्दै गएको छ। जसका कारण हिंसासमेत जारी रहेको बताइएको छ। पिएलसीले यहाँको द्वन्द्व समाधानका लागि पनि एउटा वार्ता टोली गठन गरी विद्रोही र विपक्षीहरूसँग वार्ता अघि बढाउने बताइएको छ।

शान्तिपूर्णरूपमा यहाँका समस्या समाधान गरी आगामी दिनमा उचित वातावरण निर्माण गरेर यमनका राष्ट्रपतिको निर्वाचन गर्नेसम्मको काम पिएलसीले गर्ने बताइएको छ। उक्त परिषद्ले यमनमा जारी मानवीय सङ्कट समाधानका लागि पनि आवश्यक पहल गर्ने जनाएको छ।

यहाँ खाद्यान्नलगायत अन्य न्यूनतम आवश्यकताको पनि परिपूर्ति हुन नसक्दा मानवीय सङ्कट परेकोले त्यसको समाधानका लागि संयुक्त राष्ट्रसङ्घ र यमनको सरकारलाई आग्रह गर्ने जनाएको छ। रासस

# चिनियाँ दूतावासद्वारा अमेरिकी सांसदको ताइवान भ्रमणको कडा विरोध

वाशिंगटन, २ वैशाख/सिन्ह्वा/रासस

संयुक्त राज्य अमेरिकास्थित चिनियाँ दूतावासले बिहीवार काङ्ग्रेसका दुवै सदनका छजना अमेरिकी सांसदको चीनको ताइवान क्षेत्रको भ्रमणको कडा विरोध गरेको छ। मिडियाको अनुरोधको जवाफ दिँदै, दूतावासका प्रवक्ताले भनेका छन्–"उक्त भ्रमणले एक–चीन सिद्धान्त र तीन चीन–अमेरिका संयुक्त विज्ञप्तिको शर्तहरूको गम्भीर उल्लङ्घन गर्दछ।"

"हामी अमेरिकी पक्षलाई एक चीन नीतिको पालना गर्ने आफ्नो प्रतिबद्धताको सम्मान गर्न, एक चीन सिद्धान्त र तीन चीन–अमेरिकी संयुक्त विज्ञप्तिको दृढतापूर्वक पालना गर्न, ताइवानसँग सबै प्रकारका आधिकारिक अन्तर्क्रियाहरू तुरुन्तै बन्द गर्न र गलत सङ्केत पठाउनबाट जोगिन आग्रह गर्दछौं। नत्र यसले चीन–अमेरिका सम्बन्ध र ताइवान स्टेटमा शान्ति र स्थायित्वलाई अझ कमजोर बनाउन नपरोस्"– प्रवक्ताले भनेका छन्।

"चिनियाँ पक्षले आफ्नो सार्वभौमसत्ता र क्षेत्रीय अखण्डताको दृढतापूर्वक रक्षा गर्न कडा कदम चाल्नेछ"– प्रवक्ताले थपे। सिनेटको विदेश सम्बन्ध समितिका अध्यक्ष बब मेनेन्डेज, न्युजर्सीका डेमोक्रेट र दक्षिण क्यारोलिना रिपब्लिकन लिन्डसे ग्राहमको नेतृत्वमा अमेरिकी काङ्ग्रेसको प्रतिनिधिमण्डल बिहीवार ताइवान आइपुगेको हो।


बालश्रम दण्डनीय अपराध हो

बालबालिकालाई कुनै पनि श्रमजन्य कार्यमा नलागाऔ।

वीरगंज महानगरपालिका



रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे


### शेयर बजार.....

हालसम्म आइपुग्दा ५१ लाख बढी पुग्नु पनि शेयर बजार क्रमशः विस्तारित हुँदै गएको छ भन्ने अर्थमा लिन सकिन्छ। धितोपत्र बजारमा लगानीकर्ता क्रमशः प्रविधिमैत्री बन्दै गएका छन्।

आव २०७७/७८ मा साधारण शेयरको प्राथमिक निष्कासनमार्फत २२ सङ्गठित संस्थाले रु १५ अर्ब १९ करोड, हकप्रद शेयरमार्फत सात सङ्गठित संस्थाले रु १४ अर्ब पाँच करोड, ऋणपत्रमार्फत २३ कम्पनीको रु ६९ अर्ब ६० करोड र सामूहिक लगानी कोषमार्फत नौवटा योजनाको रु नौ अर्ब ९० करोड गरी रु एक खर्ब आठ अर्ब ७४ करोड बराबरको पूँजी परिचालन गरिएको थियो। चालू आवको हालसम्म कुल १४ कम्पनीलाई साधारण शेयर बिक्रीको अनुमति दिइएको छ। ती कम्पनीले ३७ करोड ९२ लाख पाँच हजार ८०५ कित्ता शेयर रु तीन अर्ब ७९ करोड २५ लाख ८० हजार ५०० मूल्यमा बिक्री गर्नेछ। बोर्डमा विभिन्न २३ कम्पनीले साधारण शेयर बिक्रीका लागि अनुमति माग्दै आवेदन दिएको अवस्था छ।

वर्षभर नै आशा जगाएको बजारले पछिल्ला केही महीनामा भने निराश बनाएको लगानीकर्ताको टिप्पणी छ। यद्यपि वर्ष २०७८ को शेयर कारोबार हुने अन्तिम दिन गत बुधवार अर्थात् चैत ३० गते भने आशा जगाएर बन्द भएको थियो। त्यस दिन नेप्से ३०.२४ अङ्कले उकालो लागेर दुई हजार ४१५.२४ मा बन्द भएको छ। यस आधारमा हेर्दा पनि बजार पूँजीकरण झन्डै रु १० खर्ब बराबरले ओरालो लागेको देखिन्छ। त्यसबाट शेयर लगानीकर्ताले रु १० खर्ब बराबरको सम्पत्ति गुमाएका छन्। नेप्सेमा पछिल्ला दिन जलविद्युत् कम्पनीको बोलवाला बढ्दै गएको देखिन्छ। कुल ४७ वटा जलविद्युत् कम्पनीको शेयर नेप्सेमा सूचीकृत भएको छ। सबैभन्दा धेरै शेयर भएको मानिएको माथिल्लो तामाकोशीसमेत १० शीर्ष बजार पूँजीकरण भएको कम्पनीको रूपमा यसै वर्ष स्थापित भएको थियो। नेपाल टेलिकम हालसम्म पनि धेरै बजार पूँजीकरण भएको कम्पनीको रूपमा नेप्सेमा सूचीकृत छ।

केन्द्रीय बैंकको नीति, बैंक तथा वित्तीय संस्थाको तरलताको अभावजस्ता कारणले बजार सुस्ताएको छ। इतिहास कायम गरेको नेप्सेले यस वर्ष अर्को नयाँ इतिहास कायम गर्ने विश्वास पनि व्यक्त गरिएको छ। नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले एक फरक प्रसङ्गमा विश्व शेयर बजार र एकाधिकार पूँजीपतिको अर्थराजनीतिक विषयमा गरेका टिप्पणीलाई लिएर केही दिन नेपालको शेयर बजारसमेत प्रभावित भयो। गत पुसमा सम्पन्न माओवादीको आठौं राष्ट्रिय महाधिवेशनमा प्रस्तुत भएको राजनीतिक प्रतिवेदनमा पनि साना शेयर लगानीकर्ताको हितमा शेयर बजारले काम गर्न नसकेको विषय समेटिएको थियो। शेयर बजारविरोधी अभिमत आएको भन्दै केही लगानीकर्ताले त्यसमा असन्तुष्टि जनाए। अध्यक्ष 'प्रचण्ड'ले विश्व शेयर बजारको सन्दर्भमा उल्लेख गरेको विषय नेपालको शेयर बजारसँग सम्बन्धित नभएको भन्दै स्पष्टीकरण नै दिनुपर्‍यो।

बोर्डमा सरकारले रमेशकुमार हमाललाई नियुक्त गरेको छ। यस्तै नेप्सेको प्रमुख कार्यकारी अधिकृतमा कृष्णबहादुर कार्कीलाई नियुक्त गरेको छ। शेयर बजारको विकास र विस्तारमा सरकारले विशेष ध्यान दिएको अर्थमन्त्री जनार्दन शर्माले पटक–पटक दोहोर्‍याएका छन्। वास्तविक क्षेत्रलाई शेयर बजारमा ल्याउन प्रयासरहत रहेको बोर्डका अध्यक्ष हमालले प्रतिबद्धता सार्वजनिक गरिसकेका छन्। बैंक तथा वित्तीय संस्थाको शेयरले मात्रै बजार विस्तार हुन नसक्ने उल्लेख गर्दै उनले वास्तविक क्षेत्रलाई शेयर बजारमा ल्याउने, बजारको आधुनिकीकरण गर्ने र लगानीका नयाँ क्षेत्र पहिचान गर्ने कामलाई योजनाबद्ध रूपमा अगाडि बढाइसकेको तथ्य सार्वजनिक गरेका छन्। त्यस्तै नेप्सेका प्रमुख कार्यकारी अधिकृतले बजारमा हुने अनधिकृत कारोबार, इनसाइडर ट्रेडिङ रोक्न आफूले प्रयास थालिसकेको बताएका छन्।

वर्षभरि नै शेयर बजारमा अलिक चलाख लगानीकर्ताको बोलवाला देखिएको थियो। नेप्से परिसूचक लगातार उकालो लाग्दा नाफा कमाइयो भनेर बसेका लगानीकर्ता पछिल्ला दिनमा आइपुग्दा धेरै गुमाउन पुगेको अवस्था छ। नेप्से उकालो लाग्दा बजारमा प्रवेश गर्ने लगानीकर्ता ओरोलो लागेको बजारमा भने प्रवेश गरेका छैनन्। तरलताको सहजता एवं लगानीमैत्री वातावरण बन्ने अपेक्षामा लगानीकर्ता यतिबेला पर्ख र हेरको अवस्थामा पुगेका छन्। यस्तै, साधारण शेयरमा आवेदन दिनेको सङ्ख्यामा पनि उल्लेख्य प्रगति हुनु, गाउँ गाउँमा शेयर बजारबारे चासो बढ्नु तथा प्रविधिमैत्री बन्दै जानुले पनि नेपालको शेयर बजार नयाँ उचाइमा पुगेको छ। वर्ष, २०७८ मा कायम गरेको भन्दा नयाँ उचाइमा बजार पुग्ने र ठूलो पूँजी परिचालन हुने अपेक्षामा सरकार र लगानीकर्ता समेत व्यग्र प्रतीक्षारत छन्।

देशको आर्थिक अवस्था सङ्कटग्रस्त हुने दिशामा पुगेको भन्ने आशङ्काबीच नेपालको शेयर बजारले वर्ष २०७९ लाई सकारात्मकरूपमा स्वागत गर्ने धेरैको अपेक्षा छ। बोर्डका अध्यक्ष हमालको शब्दमा बजारमा नयाँ लगानीको अवसर खोज्दै जाँदा त्यसले पक्कै पनि सकारात्मक प्रभाव पार्नेछ। किनकि रातपछि दिन आउँछ र उज्यालो घाम लाग्छ भनेजस्तै 'बियरिस ट्रेन्ड' मा रहेको शेयर बजारले पक्कै पनि 'बुलिस ट्रेन्ड' पछ्याउने नै छ।

किनकि यसै वर्ष स्थानीय तह र सङ्घीय संसद्को निर्वाचन हुँदैछ। कोरोनाको कहर क्रमशः अन्त्य भएको छ। सरकारले नयाँ आर्थिक नीति तर्जुमा गर्न लागेको छ। बैंक तथा वित्तीय संस्थामा क्रमशः तरलताको सङ्कट हट्दै जाने अपेक्षा गरिएको छ। गैरआवासीय नेपाली शेयर बजारमा लगानीका लागि तयार भएका छन्। सरकारले विलासी वस्तुको आयातमा रोक लगाएको छ। बजारसमेत मनोवैज्ञानिकरूपमा सबल बन्दै गएको छ। यी र यस्ता कारणले नेपालको शेयर बजारमा सुनौलो घाम उदाउने विश्वास व्यक्त गर्न सकिन्छ।

# सिम्रौनगढमा नेकपा एमालेको चुनावी सभा

प्रस, सिम्रौनगढ, २ वैशाख/

बाराको सिम्रौनगढ–७ टोल खजानीमा नेकपा एमालेको वडास्तरीय कार्यकर्ता भेटघाट तथा बृहत् पार्टी प्रवेश कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि नेकपा एमाले पोलिटब्युरो सदस्य पुरुषोत्तम पौडेलले आँधीमा अधिकतर ठूला–ठूला रूख ढल्छन् । त्यस्तै देशभरि आएको एमालेको आँधीले कतिपय सामन्तीहरूको निद्रा हराम गरिदिएको छ । अर्कोतर्फ सतारूढ दलहरू एमालेसित एक्लै लड्न नसक्ने देखी गठबन्धन बनाउँदै छन् ।

स्थानीय तहमा हिजो तीन हजारको बजेट शुरू भएर आज ४० करोड भएको छ, वृद्ध र एकल महिला भत्ता एक सयबाट शुरू भएर चार हजार पुगेको छ । यो एमालेकै देन हो । राष्ट्रियताको सवालमा कालापानी, लिम्पियाधुरा, लिपु लेकसहितको नक्शा जारी भएको छ र हुलाकी राजमार्ग, सिम्रौनगढ–तामागढी सडक पनि एमालेकै देन भएको उनले बताए ।

अर्का वक्तानेकपा एमाले पोलिट ब्युरो सदस्य अच्युत मैनालीले प्रसिद्ध



तस्वीरः प्रतीक

कार्यक्रममा मन्तव्य व्यक्त गर्दै पुरुषोत्तम पौडेल । तस्वीरः प्रतीक

ऐतिहासिक, पर्यटकीय एवं धार्मिक स्थल सिम्रौनगढमा आउने पर्यटक, यात्रीहरूलाई सबभन्दा ठूलो समस्या वासको छ । यहाँ एउटा पनि होटेल, धर्मशाला र होमस्टे नहुँदा पर्यटक आउन नचाहेको बताए । चुनाव अब २८ दिन बाँकी छ, त्यसैले आफ्नो जिम्मेवारी बुझी अरूको लोभ लालचमा न परी सही नेतृत्व चयन गर्दा सिम्रौनगढको भविष्य उज्ज्वल हुने बताए ।

स्थानीय नेता उपेन्द्र चौधरीको अध्यक्षतामा भएको कार्यक्रममा पूर्वमन्त्री ज्वाला साह, मधेस प्रदेश सदस्य ताराचन्द साह, कलामुद्दिन अन्सारी, युवा नेता सनि गुप्ता, सुपेन्द्र कुशवाहालगायतले आफ्नो विचार राखेका थिए ।

नेकपा एमाले सिम्रौनगढ नगरपालिका वार्ड नं १ र ७ ले आयोजना गरेको यो कार्यक्रममा विभिन्न पार्टी त्याग गरी १२५ जना एमाले प्रवेश गरे । प्रवेश गर्नेहरूमा सुपेन्द्र कुशवाहा, नारायण मुखिया, रन्जित यादव, तेजीलाल यादव, ध्रुव कुशवाहालगायत रहेका छन् । नवप्रवेशीहरूलाई प्रमुख अतिथिले फूलमाला र अबीर लगाई स्वागत गरेका थिए ।

दीपेन्द्र कुशवाहाले सञ्चालन गरेको कार्यक्रममा सन्निकुमार गुप्ताले स्वागत गरेका थिए ।

### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| जानकारी आएन | | | | |


### हावाहुरीबाट बचौं र बचाऔं ।

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्याल–ढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाँधौं,
- छतमा गमला सुरक्षितरूपमा राखौं,
- जस्तापातालगायत वस्तुहरू खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समय सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


# खेलकूदको संसार

## एशियन कप छनोट शिक्षण शुरु

काठमाडौं, २ वैशाख/रासस

एएफसी एशियन कप छनोट तयारीको लागि नेपाली राष्ट्रिय फुटबल टोलीले प्रशिक्षण शुरूआत गरेको छ। त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा आजदेखि शुरू भएको प्रशिक्षणमा नेपाली टोलीका मुख्य प्रशिक्षक अब्दुल्लाह अल्मुताइरीले २५ खेलाडीलाई बोलाएका छन् । ती खेलाडीमा किरणकुमार लिम्बू, दीप कार्की, विशाल श्रेष्ठ, अनन्त तामाङ, अन्जन विष्ट, एरिक विष्ट, आयुष घलान, विकास खवास, विमल घर्तीमगर, दर्शन गुरुङ, देवेन्द्र तामाङ, दिनेश राजवंशी र गौतम श्रेष्ठ छन् । यसैगरी मनीष डाँगी, नवयुग श्रेष्ठ, पूजन उपरकोटी, रोहित चन्द, सन्तोष तामाङ, सुजल श्रेष्ठ, सुमन अर्याल, सुमन लामा, सुनील बल, सुरजज्यू ठकुरी, तेज तामाङ र विशाल राई छन् ।

मुख्य प्रशिक्षक अल्मुताइरीले एशियन कप छनोटको लागि नेपालले धेरै मेहनत गर्नु आवश्यक रहेको जनाउँदै अहिले छनोट नहुने उल्लेख गरे । उनले आफूहरू निकै कठिन समूहमा र एशियन कप छनोटमा उत्कृष्ट खेल प्रदर्शन गर्न सक्दो प्रयास गर्ने बताए । छनोटमा नेपाल समूह एमा छ । नेपालको समूहमा कुवेत, इन्डोनेशिया र जोर्डन छन् । नेपाल समूहको छनोट खेलहरू भने कुवेतमा आयोजना हुनेछ ।

हरेक समूहका शीर्ष टोली र पाँच समूहको उत्कृष्ट दोस्रो टोली चीनमा आयोजना हुने एशियन कप २०२३ मा छनोट हुनेछ । छनोट खेल आगामी जून ८ देखि १४ तारिखसम्म हुनेछ ।

यसमा नेपालले जून ८ मा जोर्डनसँग खेल्दै छनोट प्रतियोगिताको उद्घाटन गर्नेछ । त्यस्तै दोस्रो खेल जून ११ मा कुवेतसँग खेल्नेछ भने जून १४ मा इन्डोनेसियासँग खेल्नेछ ।

# बिएचयुमा अध्यनरत विद्यार्थीहरूले मनाए नयाँ वर्ष

राजेश मिश्र, वीरगंज, २ वैशाख/

भारतको उत्तर प्रदेशस्थित काशी हिन्दू विश्वविद्यालमा स्नातकोत्तर तथा स्नातक तहमा अध्यनरत विद्यार्थीहरूले दीनदु:खीहरूको सेवा गरेर नयाँ वर्ष मनाएका छन् ।

विश्वविद्यालयस्थित विश्वनाथ मन्दिरको प्राङ्गणमा शर्बत तथा फलफूल बाँडेर नयाँ वर्ष मनाइएको इनरवा सुनसरीका किशोर भट्टराईले बताए ।

स्नातकोत्तर अध्यनरत पर्सा, पोखरिया–७ रानीगंजका विविक चौबेले भने–"हामी विद्यार्थीहरूसँग सीमित पैसा



तस्वीरः प्रतीक

हुन्छ । यद्यपि एक छाकको पैसा बचत गरेर भएपनि नयाँ वर्षको अवसरमा निमुखाहरूको सेवा गर्ने भावना मनमा थियो र सोही बमोजिम हामीले योजना बनायौं ।"

स्नातक तहमा अध्यनरत जावलाखेल, ललितपुर निवासी सुधाकर खत्रीले भने–"संसारमा थुप्रै मानिस निश्शुल्क भोजन गराउने कार्यमा समर्पित छन् । त्यस्ता परोपकारी व्यक्तित्वहरूबाट हामी पनि प्रभावित छौं । त्यस कारण नयाँ वर्ष कसरी मनाउने भन्नेबारे हामीले दुई दिन अघि छलफल गरेका थियौं ।"

राजविराजका हर्ष सिंहले भने–"नववर्ष २०७९ को पावन अवसरमा दीनदु:खीहरूका साथमा नयाँ वर्ष मनाइएको यो क्षण कहिल्यै बिर्सन सकिंदैन। फरक तरीकाले नयाँ वर्ष मनाउनुका साथै हामीलाई आगामी दिनमा पनि पुण्य कार्यमा आबद्ध हुने उत्साह प्राप्त भएको छ ।"

कोरोनाकालताका 'हन्ड्रेड ग्रुप'मा आबद्ध वीरगंजका विशेष साह स्नातक तहमा अध्यनरत छन् । उनले भने–"चाडबाड वा विपरीत परिस्थितिमा आफूले मात्र रमाइलो गरेर हुँदैन । मानवताको नाताले दीनदु:खीको सहायता गर्नुपर्छ । सामर्थ्य अनुसार आम्दनीको केही प्रतिशत दीनदु:खीका लागि छुटचाउने बानी बसाल्नुपर्छ ।"

प्रवीणकुमार मिश्र, कृष्णरञ्जन र राज पाण्डेलगायत १५ जना विद्यार्थीले महँगो होटलको व्यञ्जनमा खर्च नगरेर पुण्यकार्यबाट नयाँ वर्षको स्वागत गर्ने आकाङ्क्षा बमोजिम काम गरेको बताए । सो अवसरमा पाँच सय गिलास शर्बत र फलफूलको एक सयवटा डब्बा वितरण गरिएको थियो ।

# टाइफाइड खोपविरूद्ध अभिमुखीकरण

प्रस, सेढवा २ वैशाख/

राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत




तस्वीरः प्रतीक

टाइफाइड रोगविरुद्ध खोप अभियान तथा नियमित खोपमा टाइफाइड खोप शुरूआतसम्बन्धी अभिमुखीकरण कार्यक्रम शुक्रवार जगरनाथपुर गाउँपालिकामा सम्पन्न भएको छ ।

गापा अध्यक्ष जालीम मियाँको अध्यक्षतामा भएको कार्यक्रममा सहभागी सञ्चारकर्मीहरूलाई वैशाख ७ देखि १२ गतेसम्म खोप अभियान सञ्चालन हुने स्वास्थ्य शाखाका प्रमुख परमेन्द्रकुमार साहले बताए । उनले पालिकाका विद्यालयका ७ हजार १३२ विद्यार्थी र विद्यालयबाहिर रहेका ६ हजार ७६१ गरी १३ हजार ८ सय ९३ जना बालबालिकालाई टाइफाइडविरुद्ध खोप लगाइने जानकारी गराए । साहले १५ महीनादेखि १५ वर्ष उमेर समूहका सम्पूर्ण बालबालिकाहरूलाई यो खोप लगाइने जानकारी गराए ।

यसका लागि पहिले विद्यालयमा खोप केन्द्र राखिने र पछि समुदायमा खोप केन्द्र राखी खोप लगाइने जनाए । अभियानका लागि ७५ वटा खोप टोली र ४८ वटा खोप केन्द्र तोकिएको प्रमुख साहले बताए । अभियानपछि प्रत्येक स्वास्थ्य चौकीमा १५ महीना पुगेका बालबालिकाहरूलाई यो खोप नियमित सञ्चालन गरिने जनाएका छन् ।

# ठोरीको फायरलाइनमा आगलागी

प्रस, ठोरी, २ वैशाख/

ठोरी गाउँपालिका–१ फायरलाइनमा



तस्वीरः प्रतीक

जीतबहादुर सुनारको घरमा बिहीवार आगलागी भएको छ । आगलागीबाट घर जलेर नष्ट भएको सशस्त्र प्रहरी बोर्डर आउट पोस्ट ठोरीका निरीक्षक शङ्कर कोइरालाले जानकारी दिए ।

विद्युत् सर्ट भएर आगलागी भएको हुन सक्ने प्रहरीले अनुमान गरेको छ । घरमा कोही नभएको समयमा आगलागी भएको सञ्चारकर्मी नवराज फुयाँलले जानकारी दिए ।

आगलागी पोखरिया नगरपालिका, वीरगंज महानगरपालिका र सखुवा परसौनी गाउँपालिकाबाट गएको वारुणयन्त्रले नियन्त्रणमा लिएको थियो ।

आगलागीबाट मानवीय र पशु चौपायाको क्षति नभए पनि घर, गोठ, अन्नपात, लत्ताकपडा र भाँडाकुँडा जलेर करीब १५ लाख बराबरको क्षति भएको सशस्त्र प्रहरी निरीक्षक कोइरालाले जानकारी दिए ।

# दलहरूले गरे नयाँ वर्षमा वनभोज

प्रस, पर्सागढी, २ वैशाख/

पर्सागढी नगरपालिकामा नयाँ वर्षको



तस्वीरः प्रतीक

उपलक्ष्यमा विभिन्न राजनीतिक दलहरूले वनभोज गरेका छन् । नयाँ वर्षको अवसरमा नगरप्रमुख, उपप्रमुख, वडाध्यक्ष, सदस्यहरूका आकाङ्क्षीहरूलाई एमाले, माओवादी, जनता समाजवादी पार्टी र नेपाली काङ्ग्रेसले छुट्टाछुट्टै पिकनिक गराएका थिए । पर्सागढी नपा अन्तर्गत आमोदेवी मन्दिर, कोइलाभार मन्दिर, सिर्जनटोल नजीक रहेको फूलबारी र अन्य क्षेत्रहरूमा पिकनिक गराइएको थियो । स्थानीय चुनावलाई लक्षित गरेर दलका नेताहरूले आआफ्ना समर्थकहरूलाई पिकनिकमा सहभागी गराएका थिए ।

# पत्रकार पाण्डेलाई पितृशोक

प्रस, वीरगंज, २ वैशाख/

वीरगंजका पुराना पत्रकार एवं उत्थान साप्ताहिकका सम्पादक सुदर्शनराज पाण्डेलाई पितृशोक परेको छ। २०७९ वैशाख १ गते पत्रकार पाण्डेका पिता भीमकेशर पाण्डेको ८५ वर्षको उमेरमा निधन भएको छ । काठमाडौं, कलङ्कीस्थित घरमा बस्दै आएका स्व. पाण्डेको अन्त्येष्टि गरिएको छ । स्व पाण्डेका पाँच छोरा र दुई छोरी छन् ।